# कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आवश्यकता पूरा गर्नका लागि तयार पारिएको

## शोधपत्र


शोधकर्ता

मनिषा कुमारी

क्याम्पस क्रमाङ्क :१७/२०७०

परीक्षा क्रमाङ्क :२४००००२/२०७१

त्रि.वि. दर्ता नं.९-२-७३९-१७-२००९



सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०७५

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
Estd. 2045 (1988)
*(Affiliated to T.U. and NEB, Nepal)*
भरतपुर, चितवन नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No.
च.नं./Ref. No.

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम्. एड्.) दोस्रो वर्षकी छात्रा मनिषा कुमारीले **कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव** विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नुभएको हुनाले  आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

.................................

सह प्रा. कुवेरनाथ शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७५।११।१७ (1st March,2019)

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहद्वितीय यवर्षको पाठ्यभार पूरा गर्नका **कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव** शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

शोध कार्यको तयारीका क्रममा शुरुदेखि अन्त्यसम्म आफ्नो अमूल्य सहयोग तथा सुझाव प्रदान गरेर सहयोग प्रदान गर्नुहुने यस सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजनातथा व्यवस्थापन विभागका विभागीय प्रमुख तथा शोध निर्देशक आदरणीय गुरु सह. प्राध्यापक कुवेरनाथ शर्माप्रति आभार व्यक्तगर्दछु । साथै शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरु उप प्रा. होमनाथ सापकोटा तथा उप प्रा. देन प्रसाद लामिछाने लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रतिपनि कृतज्ञता व्यक्तगर्दछु ।

शोधकार्यको क्रममा आवश्यक तथ्यांक उपलब्ध गराई सहयोग गर्नु हुने छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी अभिभावक, कर्मचारी एवम् वि.व्य.स. पदाधिकारीज्यूहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधकार्यलाई यथासक्य छिटो र शुद्धसँग टाइप गरी अन्तिम रुप प्रदान गर्नका लागि सहयोग पुऱ्याउनु हुने शालिक सापकोटा ज्यूप्रति कृतज्ञता व्यक्तगर्दछु ।

मनिषा कुमारी

# शोधसार

*__प्रस्तुत शोधकार्य कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव__ शीर्षकमा तयार गरिएको*

*छ । कक्षाकोठामा नवप्रवर्तन प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु, कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु, नवप्रवर्तनको प्रयोग देखा पर्ने समस्याहरुको पहिचान गर्नु, नवप्रवर्तनको प्रभवाकारी प्रयोगबाट शिक्षणलाई उपलब्धीमूलक बनाउने उपायहरु सुझाउनु जस्ता उद्देश्यमा केन्द्रित गरिएको छ ।*

*प्रस्तुत अनुसन्धान कार्यलाई उद्देश्य अनुसार पूर्णताप्रदानगर्ने क्रममा गुणात्मक ढाँचा अनुसार संकलित तथ्यांकको व्याख्या तथा विश्लेषण गरिएको छ । सीमित स्रोत र साधन एवम् निश्चित उद्देश्य पुरा गर्नका लागि अध्ययन गरिएको प्रस्तुत शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि चितवन जिल्ला अन्तर्गतका २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयलाई उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ। छनोटमा परेका विद्यालय मध्येबाट प्र.अ. ४, वि.व्य.स. अध्यक्ष ४, शिक्षक १२, विद्यार्थी ८, अभिभकहरु ४ र स्रोतव्यक्ति १ गरी जम्मा ३३ जनालाई सम्भावना रहित नमुना छनोट विधिका आधारमा अध्ययनको जनसंख्याका रुपमा छनोट गरिएको छ । तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतलााई आधार मानिएको छ । अध्ययन कार्यका क्रममा प्रश्नावली अवलोकन फारम जस्ता तथ्यांक संकलनका साधनहरु प्रयोग गरी संकलित तथ्यांकहरुलाई गुणात्मक ढाँचा अनुसार विवरणात्मक तवरबाट व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययन अनुसन्धालाई पूर्णता प्रदान गर्नकालागि विभिन्न लेखरचना तथा आजभन्दा अगाडि गरिएका सम्बन्धित साहित्यहरुलाई साहित्यको पुनरावलोकनको रुपमाअध्ययन अनुसन्धान गरिएको छ ।*

यस अध्ययनको क्रममा कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि प्रभावकारी भूमिका निर्वाह गरेको पाइयो । कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले सिकाइ क्रियाकलाप प्रभावकारी हुने कुरामा अध्ययनका क्रममा छनोटमा परेका शिक्षक, विद्यार्थी, अभिभावक सबै सहमत रहेको पाइयो । नवप्रवर्तनहरुले विषयवस्तुको कठिनाई क्षेत्रहरुलाई पहिचान गरी सञ्चालन गरिने कारणबाट वस्तुको कठिनाइहरुको समााधान गर्न नसकेको अवस्था रहेको र शिक्षकले सिकेको ज्ञान सीपहरुलाई कक्षाकोठामा प्रयोग भए नभएको निरीक्षण र अनुगमन गरी प्रभावकारी नभएका अवस्थलाई सुधार गर्दै लैजानु पर्दछ । शिक्षण संस्थाहरुको गुणस्तर वृद्धि गर्नका लागि योग्य, दक्ष र तालिम प्राप्त शिक्षक, अनिवार्य हुनु जरुरी भएको छ तसर्थ हाम्रा शिक्षण संस्थामा शिक्षक नियुक्ति गर्दा योग्यता, दक्षता र तालिम प्राप्त शिक्षकलाई प्राथमिकता दिइने व्यवस्था अपनाउनु पर्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । संस्थागत विद्यालयका शिक्षकहरुलाई सामुदायिक विद्यालयको शिक्षक सरह तालिममा सहभागी नगराइएको अवस्थाहरुलाई हटाइ सबै शिक्षण संस्थामा कार्यरत शिक्षकहरुलाई समान रुपमा तालिममा सहभागी गराई शिक्षण सीप तथा दक्षता प्रदान गरी नवप्रवर्तनलाई भित्र्याउने प्रत्यत्न गर्नु पर्दछ ।

# विषय सूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

विषय सूची

परिच्छेद एक

परिचय १-८

१.१ अध्ययनको पृष्ठभुमि 1

१.२ समस्याको कथन 3

१.३ अध्ययनको औचित्य 5

१.४ अध्ययनको उद्देश्य 7

१.५.अनुसन्धानप्रश्नहरु 7

१.७ अध्ययनका परिसिमाहरु 7

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका ९-२१

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 9

२.२अध्ययनको सैद्धान्तिक खाका 17

२.३. पुनरावलोकनको शैक्षिक उपादेयता 20

परिच्छेद तिन

अध्ययन विधि 22-25

३.१ अनुसन्धान ढाँचा 22

३.२ जनसंख्या र नमुना छनौट 23

३.३. तथ्याङ्कका स्रोतहरू

३.४ तथ्यांकका साधनहरु 24

३.५ तथ्याङ्क सङ्कलन विधि 24

३.६ तथ्याङ्क विश्लेषण  प्रक्रिया 25

## परिच्छेद चार

**तथ्यांकको व्याख्या तथा विश्लेषण** **२६-४०**

४.१ कक्षाकोठामा नवप्रवर्तन प्रयोगको वर्तमान अवस्था २६

४.२. कक्षाकोठामा नवप्रवर्तन प्रयोगले शिक्षण सिकाइमा पारेको प्रभाव ३२

४.३ नवप्रवर्द्धनको प्रभावकारी उपयोगबाट शिक्षालाई प्रभावकारी बनाउने उपायहरु ३५

## परिच्छेद पाँच

**निष्कर्ष तथा सुझावहरु** **४१-४५**

५.१ निष्कर्ष ४१

५.२ सुझावहरु ४३

५.२.१ नीतिगत तह ४३

५.२.२ कार्यान्वयन तह ४४

५.२.३ अनुसन्धान तह ४४

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

मानव जातिको सृष्टिदेखि नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शिक्षाको विकास हुँदै आएको हो । समयको गतिसँगै शिक्षा आजको स्थितिमा आइपुगेको छ । शिक्षाले व्यक्तिको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराई समय सापेक्ष आफूलाई अद्यावधिक गर्दछ । यस्तै प्रविधिले व्यक्तिलाई नयाँ नयाँ ज्ञानको खोजिमा डोर्‍याउने र अझ ज्ञानको भण्डार परिस्कृत  बनाउँदै लैजान्छ । प्रविधि एउटा सीप र कला भएकाले व्यक्तिमा अन्तरनिहित ज्ञान र सीपलाई उपयुक्त ढंग र स्थानमा प्रयोग गर्ने क्षमता विकास गराई सिकाइमा सहयोग पुर्‍याउँछ । यसका  आधारमा के भन्न सकिन्छ भने प्रयोग र तथ्यमा आधारित ज्ञान र सीपलाई समय तथा परिवेश अनुकुल व्यवहारमा उतार्ने कला नै शिक्षाको महत्वपूर्ण पक्ष हो । शैक्षिक प्रविधि भन्नाले सिक्ने र सिकाउने कार्यमा वैज्ञानिक तवरले प्रयोग गर्ने सीप र कला हो जसबाट शिक्षण सिकाइलाई प्रभावकारी र उपयोगी बनाउन सकिन्छ । यो प्रविधि व्यवहारिक तथा प्रयोगात्मक अध्ययन हो जसले सिकारु र प्रशिक्षक बिच अन्तरक्रिया गरी अत्याधिक शैक्षिक उपलब्धि हासिल गर्न मद्दत पुर्‍याउँछ । शैक्षिक प्रविधिको प्रयोगबाट शिक्षणमा प्रभावकारिता, दक्षता र क्षमता अभिवृद्धि भई सिकारुले बढीभन्दा बढी ज्ञान र सीप हासिल गर्दछ, (गौतम, २०६५) ।

नवप्रवर्तन इन्नोभेषनको नेपाली रुप हो । जसको अर्थ नयाँपन, नयाँ सोच, नयाँ बिचार हो जुन प्रविधिसँग सम्बन्धित हुन्छ । यदि हामीले शिक्षाशास्त्रकोविगत इतिहासलाई दृष्टिगत गरी हेर्ने हो भने यो पत्ता लाग्छ  कि प्राचिन र मध्यकालमा शिक्षण कलाको एकमात्र उद्देश्य बालकलाई लेखाउने पढाउने, संस्कृति र संगितमा प्रवीण बनाउने थियो । यसका लागि सर्वोत्तम प्रविधि घोक्ने प्रविधि मानिन्थ्यो ।

सूचना तथा सञ्चार प्रविधिको अपरिहार्य आवश्यकताको सर्वत्र महशसुस गरिदै आएको सन्दर्भमा कक्षा शिक्षणमा नवप्रवर्तनको महत्व  बढ्दै गएको छ । नेपालमा पनि विभिन्न आवधिक योजनाहरु, शैक्षिक योजना तथा नीतिहरुमा सूचना तथा सञ्चार प्रविधिलाई महत्व दिई नवप्रवर्तनको मागलाई बढाएको देखिन्छ ।

शिक्षामा आएका नयाँ नयाँ विकासहरु, नयाँ नयाँ चिन्तनहरु, नयाँ नयाँ सोचहरु र नयाँ प्रविधिहरुलाई नै नवप्रवर्तन भनिन्छ । शिक्षाको विकास क्रममा आएको नवप्रवर्तनहरुको उपज नै आजको विकसित शिक्षा हो । यसर्थ आजको शिक्षाको विकसित अवस्था नवप्रवर्तनको प्रयोगको रुप हो भन्दा कुनै फरक पर्दैन । शिक्षा क्षेत्रका नवप्रवर्तनहरु असंख्य छन्, अनगिन्ती छन्, असीमित छन् । हिजोको शिक्षामा प्रवचन विधिलाई अपनाउने कक्षाकोठा आज बालकेन्द्रित विधिलाई अपनाइरहेको छ । हिजो सिलोट र चकलाई शिक्षणको आधार मान्ने कक्षाकोठा आज सेतो पाटीर मार्करमा परिणत भएको छ ।

कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग गर्नु भनेको चलिरहेको प्रविधिहरुमा परिवर्तन ल्याउने कदमहरु कार्यान्वयनमा ल्याउनु हो । शिक्षा समाजमा संचालित हुन्छ । शिक्षाको प्रत्यक्ष सम्बन्ध अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन, सिंगो समाज, राष्ट्र र अन्तर्राष्टिय जगतसँग रहेको हुन्छ । नवप्रवर्तनले विद्यार्थीलाई अझ राम्रोसँग सिक्न र कक्षाकोठामा पूर्ण सहभागी बन्न उत्साहित बनाउँदछ । नवप्रवर्तनलाई विभिन्न देश तथा विभिन्न अवस्थामा प्रयोग गर्न सकिन्छ । दक्षिण कोरियाली विद्यालयहरुले रोबर्ट शिक्षकहरुसँग नवप्रवर्तनको प्रयोग गरेका छन् । यसले संसारको कहिपनि शिक्षकलाई सक्षम बनाउँछ । नवप्रवर्तनलाई स्मार्टफोन र अन्य मोबाइल उपकरणहरुको रुपमा प्रयोग गर्न सकिन्छ । मोबाइलको प्रयोगले शिक्षकलाई डिजिटल मतदान गर्न, मौखिक प्रस्तुती गर्न दक्षता बढाउन, अध्ययन सम्बन्धी सामग्री जुटाउन र आफ्नो योग्यता तथा क्षमता वृद्धि गर्न सहयोग पुर्‍याएको हुन्छ । त्यसै गरी दुबईमा जेम्स आधुनिक एकेडेमिले थ्रिडि अध्ययनका

लागि एक थ्रिडि प्रयोगशालामा विद्यार्थीहरु प्रदान गर्दछ । जुन अन्तरक्रियात्मक मल्टिमिडियाको प्रस्तुतीकरण गर्दछ जहाँ बच्चाहरुले थ्रिडि खेलहरु र चलचित्रद्वारा आनन्द उठाइ थ्रिडि अध्ययन प्राप्त गर्दछन् । यसैगरी शब्दहरुलाई सही हिज्जेमा रुपमान्तरण गर्नका लागि फोनेटिक हिज्जे सफ्टवेयरको प्रयोग गरी नवप्रवर्तनलाई उपयोगी तथा आवश्यक तत्वको रुपमा प्रयोग गर्दै आएका उदाहरणहरु हाम्रा सामु पर्याप्त मात्रामा छन् ।

हाल शिक्षाको क्षेत्रमा नवप्रवर्तनको प्रयोगको आवश्यकतालाई महसुस गर्दै विभिन्न नीति तथा कार्यक्रमहरुमा सो को बाारेमा उल्लेख भएको साथै कक्षा शिक्षणमा समेत सो को प्रयोग भइरहेको छ । नवप्रवर्तनको प्रयोगबाट पेशागत सीप र कार्य कुशलता अभिवृद्धि गर्नुका साथै योजना संगठन सिकाइ, वातावरण निर्माणमा समेत सहयोग पुग्छ यसबाट शिक्षण सिकाइ प्रक्रिया सबल, सरल र सहज हुन्छ । विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरणा जगाउन सकिन्छ । यसर्थ, वर्तमान परिवेशमा कक्षा शिक्षण तथा समग्र शैक्षिक क्षेत्रमा नवप्रवर्तनको प्रयोगको लोकप्रियता बढ्दै गएको सन्दर्भमा  कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव के कस्तो छ भन्ने बारेमा जानकारी प्राप्त गर्न कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग  प्रभाव शीर्षक चयन गरी यो अध्ययन अनुसन्धान गरिएको छ  ।

## १.२ समस्याको कथन

शिक्षा र सिकाइ समानुपातिक रुपमा हुँदै आएको छ । मानिसका चाहना, आवश्यकता, रुचि, सामाजिक र सांस्कृतिक परिवेश, ज्ञानको विस्फोटन आदि पक्षहरु दिन प्रतिदिन परिवर्तन हुँदै गएका छन् । सिकाइका यी पक्षहरुलाई सिकाइ परिवेशको रुपमा लिनु पर्दछ । समाज विकासको क्रमसँगै मानवीय इच्छा, आकंक्षा र चाहनाहरु परिवर्तित भएर आउँछन् । हिजोको आवश्यकता र आजको आवश्यकता फरक हुँदै जान्छन् ।

यी सबै पक्षहरुलाई आत्मसात गरेर शिक्षा प्रदान गर्नु नै अहिलेको चुनौती हो । समाजमा सहजै ढंगले समायोजन गराउन पनि शिक्षा र सिकाइमा परिवर्तन आवश्यक छ, (खनाल, २०६५) ।

हाम्रो समाजमा विकसित भइरहेको नवप्रवर्तनलाई एकपटक धन्यवाद दिँदा कुनै फरक पर्ला जस्तो लाग्दैन । यसले बालबालिकाहरुको धेरै जिज्ञासा समाधान गरिरहेको छ । रोमन साम्राज्यको समाप्ति होस् या जर्मन निरंकुश नाजीको विज्ञानको नाममा कुख्यात जुम्ल्याह अनुसन्धान । संसार प्रसिद्ध माटस्टोफिनिनीको अर्वान डान्सको मुभ को चाल होस वा एडसोरिनको सेप अफ यु को गितार कर्ड । मुखमा नै पग्लिने चकलेट लाभाको रेसिपी होस् वा शरीरलाई चुस्त पार्न विभिन्न कसरतको टेक्निक, फोटोग्राफी सम्बन्धी कोर्सिरा कोर्ष होस वा केमिस्टिका फर्मुलाबारे खान एकेडेमीका फ्रि कोर्स । त्यस्तै गरी शिक्षा प्रविधिमा वेवसाइट र सोसल मिडियाको प्रयोग गरिएको पाइन्छ । विद्यार्थीहरु, शिक्षकहरु र अभिभावकहरु सबै सामाजिक सञ्चाल र वेवमा जडित छन् । यसले आमाबाबु र शिक्षकहरुलाई कक्षाकोठा घटनाहरु र असाइनमेन्टको बारेमा जानकारी गराउन सँधै अनुमती दिन्छ । केही शिक्षकहरुले गृहकार्य ब्लग, कक्षा ब्लग, कक्षा वेवसाइट वा विद्यार्थी ब्लगहरु सृजना गर्न यी प्रविधिको प्रयोग गरेका छन् । शोसल मिडिया र वेवको अर्को नवप्रवर्तनको प्रयोग प्रोजेक्टर बोर्डहरुको निर्माण हो । यी प्रत्येक प्रविधिले प्रत्येक कक्षाको  कक्षालाई खोतल्छ र विद्यार्थीहरु, शिक्षकहरु, अभिभावकहरु र ठूला समुदाय बिच कुराकानीलाई प्रत्यक्षीकरण गर्दै कक्षाकोठामा नवप्रवर्तनको आवश्यकतालाई शिक्षण कार्यमा संलग्न गराउँदछ ।

शिक्षाका लागि सरकारले हरेक वर्ष ठूलो धनराशी खर्च गरिरहेको छ । हरेक वर्षको बजेटमा १७ प्रतिशत भन्दा बढी रकम विनियोजन गरेता पनि विशेष सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि भने उत्साहजनक पाइँदैन । हाम्रो देशमा सरकारी

तथा गैर सरकारी संघसस्थाहरुले विभिन्न समयमा नप्रवर्तनलाई शिक्षामा भित्र्याउन शिक्षकहरुलाई विभिन्न किसिमका तालिमहरु सञ्चालन गरिरहेको पाइन्छ । ती तालिमलाई शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न प्रभावकारी शिक्षण सिकाइ गर्न, बालमनोविज्ञानको आधारमा शिक्षण गर्न, शैक्षिक प्रविधिलाई शिक्षण कार्यमा उपयोग गर्न शिक्षण विधिको आधारमा विद्यार्थीका आवश्यकता अनुसार ज्ञान, सीप, प्रविधिको विकास गर्न सहयोग पुर्‍याउँदछ भन्ने उद्देश्य रहेको पाइन्छ । तर ती प्राप्त नवप्रवर्तनलाई कक्षाकोठामा पूर्ण रुपमा उतार्न वा प्रयोग गर्न नसक्नुले विद्यार्थीको शैक्षिक गुणस्तरमा प्रभावकारी परिवर्तन ल्याउन नसकी रहेको परिप्रेक्षमा नवप्रवर्तनको अधिकतम प्रयोग र त्यसमा रहेको प्रभावका बारेमा जान्नु तथा बुझ्नु आजको आवश्यकता हो ।

समयानुसार बढ्दै गइरहेको नवप्रवर्तनले विद्यालयीय परिवेशमा कस्तो किसिमको छाप छोड्दै आएको छ ? कक्षाकोठामा नवप्रवर्तनको प्रयोग के कसरी भइ रहेको छ ? सो को परिचालन गर्न के कस्ता प्रयासहरु आवश्यक छ भन्ने जस्ता चुनौतिहरुलाई लक्षित गरि प्रस्तुत अध्ययन कार्य गरिएको छ । कक्षा शिक्षणमा के कस्ता नवप्रवर्तनलाई भित्र्याउने भन्ने बारेमा एकिन गर्नु भनेको एक जटिल कार्य हो । अझै सम्म पनि विद्यालयमा पूर्णरुपमा आवश्यकता अनुसारका नवप्रवर्तनको प्रयोग हुन नसकेको अवस्थामा कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव नामक शीर्षकमा गरिएको अध्ययन आफैमा चुनौतिपूर्ण रहेको छ ।

### १.३ अध्ययनको औचित्य

आजको विश्व ज्ञानको विस्फोटनको युग हो । विज्ञान र प्रविधिको विकासले नयाँ नयाँ प्रविधि र विषयवस्तुहरु जनसमक्ष आइरहेका छन् । शैक्षिक प्रविधिको विकासले नयाँ नयाँ विधिहरु भित्रिएका छन् । परम्परागत शैली र दृष्टिकोणबाट विकास भएका छन् । शिक्षामा नवप्रवर्तनले समूह शिक्षण, संस्कृति, सुक्ष्म शिक्षण आदि गर्न

सहयोग गरिरहेको छ । शिक्षामा शैक्षिक प्रविधिको प्रयोग निकै उपयोगी मानिन्छ । शिक्षामा शैक्षिक प्रविधिको प्रयोगले विषयवस्तुको प्रस्तुतीकरणमा पनि सहजता पुर्याउँछ । विषयवस्तु हस्तान्तरण गर्ने उपयुक्त माध्यम पनि शैक्षिक प्रविधि हुन सक्छ । शिक्षा विकासको क्रममा नवप्रवर्तन चिन्तन र सोचले शिक्षालाई शिक्षक केन्द्रित विद्यार्थी केन्द्रित योजनाबद्ध सिकाइतर्फ उन्मुख, समूह, शिक्षण व्यक्तिगत शिक्षण जस्ता विधि र प्रविधिको विकास भयो । यही कारणले आज शिक्षण सिकाइका लागि उन्नत खालको शैक्षिक प्रविधिको माध्यमबाट नै शिक्षकलाई योग्य,दक्ष, सिर्जनशील वा तालिम प्राप्त गराई शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ,(गौतम, २०६५) ।

कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव शीर्षकमा अध्ययनगर्नुको औचित्यलाई निम्नानुसार बुँदागत गरिएको छ :

क) नवप्रवर्तनको प्रयोगबाट कक्षाकोठामा देखिने तथा देखिएका व्यवहारबाट विद्यार्थीको शैक्षिक गुणस्तर सुधार गर्न थप सहयोग पुग्ने छ ।

ख) शिक्षकले नवप्रवर्तनको प्रयोग गरी दीगो र जीवनपर्यन्त सिकाइ गर्नका लागि प्रस्तुत कार्यले थप सहयोग पुर्याउने छ ।

ग) नवप्रवर्तनले शिक्षकको ज्ञान, सीप र दक्षता विकास गराई आधुनिक विधि र प्रविधि अनुसार कक्षा शिक्षण गर्न के कस्ता सुधारात्मक कार्य गर्न आवश्यक छ भन्ने बारेमा सम्बन्धित पक्षलाई मार्गदर्शन प्रदान गर्नेछ ।

घ) कक्षाकोठामा के कसरी नवप्रवर्तनको प्रयोग भएको छ भन्ने बारेमा अध्ययन अनुसन्धान गर्न चाहने जोकोही अनुसन्धानकर्ताका लागि प्रस्तुत अनुसन्धानकार्य सन्दर्भग्रन्थका रुपमा उपयोगी रहने छ ।

ङ) शैक्षिक योजनाकारलाई भावि योजनामा नयाँ प्रविधि तथा नवपरिवर्तनहरुको समुचित प्रयोग र सोको प्रभावकाारी कार्यान्वयन गर्न समेत सहयोग मिल्नेछ ।

**१.४ अध्ययनका उद्देश्यहरु**

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. कक्षाकोठामा नवप्रवर्तन प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु,

२. कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु ।

३. नवप्रवर्तनको प्रयोगमा देखा पर्ने समस्याहरुको पहिचान गर्नु ।

४. नवप्रवर्तनको प्रभावकारी प्रयोगद्वारा शिक्षणलाई उपलब्धिमूलक बनाउने उपायहरु सुझाउनु ।

**१.५ अनुसन्धान प्रश्नहरु**

१. कक्षाकोठामा नवप्रवर्तन प्रयोगको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२. कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा के कस्तो प्रभाव पारेको छ?

३. कक्षाकोठामा नवप्रवर्तनको प्रभावकारी प्रयोगमा के कस्ता समस्याहरु देखिएका छन् ?

४. कक्षाकोठामा नवप्रवर्तनको प्रभावकारी प्रयोगद्वारा शिक्षणलाई उपलब्धिमूलक बनाउने उपायहरु के के हुन सक्छन्?

५. कक्षाकोठामा नवप्रवर्तनको प्रयोग प्रभावकारी बनाउन के कस्ता क्रियाकलापहरु हुँदै आएका छन् ?

## १.६ अध्ययनको परिसीमा

सीमित स्रोत र साधन एवम् निश्चित उद्देश्य पुरा गर्नका लागि अध्ययन गरिएको प्रस्तुत शोधकार्य चितवन जिल्ला अन्तर्गतका २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयलाई उद्देश्यमूलक नमुना छनोटमा परेका विद्यालयमा मात्र सिमित रहेको छ । परेका विद्यालय मध्येबाट प्र.अ. ४, वि.व्य.स. अध्यक्ष ४, शिक्षक १२, विद्यार्थी ८, अभिभकहरु ४ गरी जम्मा ३२ जनालाई सम्भावना रहित नमुना छनोट विधिका आधारमा अध्ययनको जनसंख्याका रुपमा छनोट गरि अनुसूचीमा उल्लेखित प्रश्नावली तथा अवलोकन फारम एवम् छलफल तथा अन्तरक्रियाका माध्यमबाट तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलनमाप्राथमिक तथा द्दितीय स्रोतलाई प्रयोग गरिएको छ । द्वितीय तथ्यांकहरुका रुपमा इमेल तथा इन्टरनेटको सहयोगबाट प्राप्त जानकारीलाई समेत प्रयोगमा ल्याइएको छ ।

# परिच्छेद दुई

## सम्बन्धितसाहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अुसन्धानका क्रममा अनुसन्धानको विषयवस्तु र अनुसन्धानको समस्या के कस्तो रहेको छ ? त्यसलाई के कसरी निराकरण गर्न सकिन्छ, हिजोका दिनमा के कस्ता विषयवस्तुमा अध्ययन भएका छन् र अब के कस्ता कुराको खोज अनुसन्धान गरी अध्ययन कार्यलाई पुर्णता प्रदान गर्न आवश्यक छ भन्ने बरेमा गहन अध्ययन गरी अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको आवश्यकता रहन्छ । यिनै कुराहरुलाई दृष्टिगत गर्दै प्रस्तुत अध्ययन अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धान, पत्रपत्रिका, लेखरचनाहरुलाई साहित्यको पुनरावलोकनका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

शिक्षा दिने कार्यहरु समाजका विभिन्न व्यक्ति र संघसंस्थाले गर्दै आएका छन् । शिक्षा दिने प्रक्रियाहरु पनि आफै आफैमा फरक छन् । शैक्षिक प्रक्रियाहरु औपचारिक, अनौपचारिक र अनियमित आदिमा शैक्षिक प्रक्रियाहरु रहेका छन् । शिक्षकले औपचारिक र अनौपचारिक शिक्षा दिने कार्य गर्दछ । परम्परागत रुपमा कक्षा शिक्षण र औपचारिक शिक्षा बढी प्रचलित रहेका छन् । तर यसमा नयाँ नयाँ ज्ञान, प्रविधि र विधिहरुको विकासले गर्दा परिवर्तनहरु देखिएका छन् । परिवर्तित ज्ञान, विज्ञान र चिन्तन मननले गर्दा शिक्षण प्रक्रियामा पनि सुधारहरुको अपेक्षा गरिएको हुन्छ । तसर्थ शिक्षक तालिममा नवप्रवर्तनको ज्ञान दिनुपर्ने कुरामा जोड दिइएको हुन्छ जसले कक्षा शिक्षणमा नवप्रवर्तनहरुको सही सदुपयोग गराउन मद्दत गरी शिक्षालाई नयाँ आयम प्रदान गराउन शिक्षण सँधै प्रजातान्त्रिक, व्यवहारवादी, आधुनिक वैज्ञानिक र प्राविधिक हुनु पर्दछ । जसले कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगलाई जोड दिन्छ, (ढकाल, २०७०) ।

शिक्षकहरुलाई कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग सम्बन्धित तालिम दिने योजनाहरु र क्रियाकलापहरु जिल्ला शिक्षा कार्यालय सम्बन्धित रहेका तालिम केन्द्र मार्फत समयानुकुल तालिम दिने भनेर विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन् तर तालिम कार्यक्रमहरु चलाउनु भन्दा अगाडि शिक्षकबाट अभिभावकको चासो, गुनासो र विद्यार्थीको शैक्षिक अवस्थाका बारेमा यथार्थ स्थितिको मूल्यांकन गरेर तालिम दिन सकेमा तालिम प्रभावकारी हुने र सोबाट सिकेका विषयवस्तुलाई वास्तविक रुपमा विद्यार्थी सामु लैजान सकिने कुरामा जोड दिइएको छ ।

नवप्रवर्तनले शिक्षणको सम्पूर्ण नयाँ तरिकालाई प्रतिनिधित्व गर्न सक्छ । यो उन्नत इलेक्टोनिक कक्षाकोठाबाट क्रमशः विकासशील संसारमा प्रयोग हुने रमाइलो प्रविधिहरुको दायरामा छ । यी नवप्रवर्तनले कसरी शिक्षा प्रविधिमा सबैभन्दा राम्रो अभ्यासहरु साझेदारी गर्न सक्दछन् र कसरी यी उत्कृष्ट विचारहरु ट्याब गर्न सक्छन् । शिक्षा प्रविधिमा सामान्यतया प्रवृत्ति वेवसाइट र शोसल मिडियाको प्रयोग हो । विद्यार्थी, शिक्षक र अभिभावकहरु सबै सामाजिक सञ्जाल र वेवमार्फत जोडिएका छन् । यसले शिक्षकलाई कक्षाकोठा घटनाहरु र असाइन्मेन्टका बारेमा अभिभावकलाई जानकारी दिन समेत अनुमति दिन्छ । केही शिक्षकले गृहकार्य ब्लग, कक्षा वेवसाइट वा विद्यार्थी ब्लगहरु सृजना गर्न नवप्रवर्तनहरुको प्रयोग गरेका छन् । शोसल मिडिया र वेवको अर्को अभिन्न प्रयोग शिक्षा सम्बन्धित प्रिन्टर्स बोर्डहरुको निर्माण हो । यी प्रत्येक प्रविधिले प्रत्येक कक्षालाई खोल्दछ र विद्यार्थीहरु शिक्षकहरु, अभिभावकहरु र ठुला समुदायबीच कुराकानीलाई समेत प्रोत्साहन गर्दछ । यो परम्परागत विद्यालय घरको टेक्निकल एक्सटेन्सन र समुदायसँग यसको जडानको रुपमा देखिन सकिन्छ । यसर्थ, नवप्रवर्तनको प्रयोग आजको शिक्षाको आयामको रुपमा प्रस्तुत भएको छ, (शिक्षक मासिक, २०७४) ।

शिक्षा क्षेत्रमा नयाँ नयाँ विचार, उद्देश्य सामग्री, शिक्षण विधि स्रोत र साधन आदिको खोजी नीति तथा आविष्कारहरु गर्नु पर्दछ । स्थानीय स्रोत र साधन पहिचान गरी उचित ढंगले उपयोग गर्ने प्रवृत्ति अपनाउनु पर्दछ । देशकाल, परिस्थिति अनुसार शैक्षिक क्षेत्रमाा परिवर्तन ल्याउनु पर्दछ । यसो गर्नका लागि शिक्षकलाई पनि योग्य, दक्ष, तालिम प्राप्त, सिर्जनात्मक बनाउनु पर्दछ । नवप्रवर्तनलाई शिक्षणमा भित्र्याउन शिक्षकको मौलिक तथा सिर्जनात्मक क्षमताले शैक्षिक क्षेत्रमा व्यापक सुधार गर्न सकिन्छ भन्ने कुरामा विशेष जोड दिन खोजिएको पाइन्छ, (काफ्ले र अन्य, २०६१) ।

शिक्षा सहरीकरण गर्न राज्य व्यवस्था प्रतिबद्ध हुनु, पाठ्यपुस्तक निःशुल्क प्रदान गर्नु रेडियोबाट सन् १९८० मा शिक्षण प्रशिक्षण गरिनु, दुर शिक्षण गरिनु जस्ता कुरा शैक्षिक प्रविधिमा आएको योजनाबद्ध विकासको प्रतिफल नै हो । यसरी २०२८ देखि नेपालले शिक्षा प्रणालीका साथसाथै प्रविधि प्रयोग हुँदै आएको छ । देशमा भएको २०४६ सालको आन्दोलन र २०६३ जेष्ठ ४ गतेको लोकतान्त्रिक व्यवस्थामा भएको परवर्तनले पनि शैक्षिक क्षेत्रमा रेडियो, टि.भि., कम्प्युटर, इमेल इन्टरनेट, फ्याक्स टु फ्याक्स उपकरणको प्रयोग र औपचारिक एवम् अनौपचारिक माध्यमले शिक्षा दिई खुला विश्वविद्यालयको अवधारणा समेत प्रयोगमा आउन थालेको छ, (के.एल. १९९६६) ।

शिक्षण प्रविधिलाई कक्षाकोठामा भित्र्याउने प्रस्तावमा कक्षाकोठा भित्रको वातावरणलाई सुधार गर्न र नयाँ प्रविधि र नवप्रवर्तनलाई कक्षाकोठामा भित्र्याउन सकेमा विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्ने कुरामा जोड दिइएको छ। आजको स्थापित हुँदै आएको नवप्रवर्तनको महत्वपूर्ण पक्ष भनेको सूक्ष्म शिक्षण, समूह शिक्षण, व्यक्तिगत शिक्षण, शैक्षिक खेलहरु, कम्प्युटरको माध्यमबाट गरिने शिक्षण, कार्यात्मक अनुसन्धान, योजनाबद्ध शिक्षणहरु नै आजको नेपाली

परिवेशका नवप्रवर्तन हुन् । यसलाई कक्षाकोठामा प्रयोगमा ल्याउन विशेष गरी शिक्षक नै अग्रसर हुनुपर्ने हुन्छ । त्यसको निम्ति पनि शिक्षकहरु आफूलाई समयानुकुल परिमार्जन गर्दै लैजानु पर्ने कुरामा जोड दिएको छ । सेन्ट थोमसले ५०० वर्ष अगाडि भनेको कुरामा यदि तिमीले आफूलाई आफूले नै चाहे अनुसार परिवर्तन गर्न सकेनौं भने तिमी अरुलाई तिमीले चाहेकै स्वरुपमा परिवर्तन गर्न कसरी आशा राख्न सक्छौ ? आजको समयमा पनि त्यत्तिकै सान्दर्भिक रहेछ भन्न सकिन्छ । शिक्षण प्रविधि र नवप्रवर्तनलाई कक्षामा भित्र्याउन प्रस्ताव स्वरुप विभिन्न तरिकाहरु प्रस्तुत गरिरहेको छ जसमध्ये प्रत्येक शैक्षिक संस्थामा एउटा स्रोतकेन्द्र विकास गरिनु पर्ने र त्यसमा शिक्षक निर्देशिका जर्नलहरु, पत्रपत्रिका काटेर राखेको फाइलहरु, तालिम सामग्रीहरु, स्वअध्ययनका सामग्रीहरु, शैक्षिक तथ्यांकहरु राखिनु पर्ने । विद्यूतीय औजारहरु, रेडियो, टेपरेकर्ड कम्प्युटर, ओभरहेड प्रोजेक्टर, विद्युतीय तार, व्याट्रीहरु, चुम्बकीय पार्टी । काठका सामग्रीहरु, ब्लकहरु, फलेकहरु लिष्टीहरु, सनमाइका, प्लाइउडका टुक्राहरु । जस्ता समग्रीहरु राखिनु आवश्यक पर्दछ । माथि चर्चा गरिएका विषयवस्तुलाई स्रोतकेन्द्रमा व्यवस्थापन गरी त्यसको माध्यमबाट शिक्षकले मात्र होइन कि विद्यार्थीलई सहभागी गराउन सकिएमा सबै प्रविधि र नवप्रवर्तनलाई कक्षा कोठामा सहज रुपमा भित्र्याउन सकिन्छ, (सापकोटा, २०६२) ।

नवप्रवर्तन नयाँ विचार नयाँ चिन्तन र नयाँ कार्यको शुरुवात हो । विद्यालयमा नवप्रवर्तनको सुरुवात गर्दा विद्यालय व्यवस्थापन, प्रशासन, शिक्षक तथा सिंगो समाज नै सूसूचित हुन जरुरी छ । किनभने विद्यालयका सरोकारवाला कसैले पनि नवप्रवर्तनलाई रुचाएनन् भने त्यो सफल नहुन सक्छ । यसप्रकार विद्यालयसँग सम्बन्धित सबै पक्षको सहयोग प्राप्त गर्ने परिवेशको निर्माण गर्नुलाई नवप्रवर्तनको वातावारण निर्माण भनिन्छ । यसै गरी विद्यालयको शिक्षण कार्य संचालनमा

आवश्यक  भौतिक, आर्थिक र मानवीय स्रोत र साधनको आवश्यकता पर्दछ । कुनै पनि स्रोत र साधनको अभावमा शिक्षण कार्य प्रभावकारी नहुन सक्छ । त्यसैले शिक्षा शिक्षणका लागि चाहिने आवश्यक स्रोत र साधनको उचित व्यवस्थापन गरी मात्र कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग गरिनु पर्दछ नत्र सो को प्रभाव नकरात्मक भई शिक्षण नै असफल हुने गर्दछ ।

शिक्षण प्रविधिका र शिक्षण सिकाइका नयाँ प्रवर्तनलाई प्रयोगमा ल्याउँदा देखा पर्न सक्ने वाधा अवरोधहरु यति नै हुन्छन् भनी किटान गर्न गाह्रो हुन्छ किन भने विद्यालय जुन समाज र समुदायमा सञ्चालित छ त्यहाँको आर्थिक, सामाजिक, भौतिक र शैक्षिक अवस्थाले शैक्षिक परिवर्तनमा प्रत्यक्ष असर परिरहेको हुन्छ । समाजले शिक्षाको परिवर्तनको माग गरिहेको  हुन्छ भने शिक्षाले पनि सामाजिक परिवर्तनमा सहयोग पुर्‍याइरहेको हुन्छ । अतः शैक्षिक प्रवर्तनात्मक प्रविधिको प्रयोगमा थुप्रै प्रकारका बाधा अवरोधहरु देखा पर्न सक्छन् । यसै सन्दर्भमा शिक्षाविद्हरु नेल, ग्रस र उपन्यासले शिक्षाका नवप्रवर्तनहरुको प्रयोगमा देखापर्ने महत्वपूर्ण र मुख्य अवरोधहरुलाई निम्नानुसार बुँदागत गरेका छन् :

क) शिक्षकहरुमा नवप्रवर्तनहरुको स्पष्ट जानकारीको अभाव ।

ख) शिक्षकहरुमा नयाँ  नमुनागत भूमिकाको निश्चितता गर्ने आवश्यक ज्ञान र सीपको प्रकारको अभाव ।

ग) आवश्यक शैक्षिक सामग्रीहरु उपलब्ध हुन नसक्नु ।

घ) नवप्रवर्तनको लागि संगठनात्मक व्यवस्थापनको असक्षमता कर्मचारीहरुमा प्रेरणाको कमी आदि, (शर्मा एण्ड शर्मा २०६९) ।

विद्यालय शिक्षामा विभिन्न योजना तथा प्रतिवेदनहरुले नयाँपन थप्ने कार्य गरिहेको देख्न सकिन्छ । त्यही नयाँ पन र चिन्तनमननको फलस्वरुप सूचना तथा प्रविधिको जन्म भै समाज राष्ट्रद्वारा विकासको मार्गको गतिमा लम्कने कोसिस गरिरहेको छ ।

सूचना प्रविधिले नयाँ परिवर्तन दिएको छ । त्यही परिवर्तनले सिर्जनशील र विकाससिल आविष्कार गराइरहेको बुझ्रेर राष्टिय पाठ्यक्रम प्रारुप, २०६३ले राखेको उद्देश्य पूरा गर्न र सूचना प्रविधिको प्रयोगबाट विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउने तथा विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तर गर्दै सिकाइको दायरा फराकिलो बनाउन शिक्षा मन्त्रालयद्वारा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी निर्देशिका, २०६९ जारी गरी ल्याइएको तथा वि.सं. २०७१ को एस.एल.सी परीक्षामा पहिलो पटक प्राविधिक शिक्षा धारका विद्यार्थीको नतिजा लेटर ग्रेडिंग पद्धतिमा प्रकाशन तथा साधारण शिक्षा तर्फ पनि अक्षरांकन पद्धति लागु गर्ने कार्यान्यन निर्देशिका २०७२ जारी गर्ने जस्ता कार्यहरुले शिक्षा क्षेत्रमा नवप्रवर्तनलाई आश्रय दिई पछ्याइ रहेको देखिन्छ, (शर्मा र अन्य २०७५) ।

सिष्टमबाट पढाउँदा शिक्षकले अनिवार्य पाठयोजना बनाउनु पर्ने, कक्षाकोठामा शैक्षिक सामग्री लिएर जानुपर्ने, कक्षाकोठालाई अन्रक्रियात्मक विधिबाट संचालन गर्नु पर्ने, विद्यार्थीलाई बढी सक्रिय बनाइनु पर्ने, शिक्षक एउटा सहयोगी मात्र रहने र विशेष गरी व्यवहारिक शिक्षामा जोड दिएर शिक्षण गरिएमा प्रभावकारी हुने यसबाट उत्तर लेखाई घोकाउने बानीको न्यूनीकरण हुने गर्दछ । यसरी शिक्षण गर्दा प्रभावकारी शिक्षण भई शैक्षिक गुणस्तरमा धेरै वृद्धि भएको पाइयो । विद्यार्थी केन्द्रित शिक्षण र विषयवस्तुलाई प्रत्यक्ष वस्तुसँग परिचय गराई शिक्षण गर्ने प्रविधि अझ्र प्रभावकारी भएको थियो । शिक्षकले विद्यार्थीलाई किताबी ज्ञानमात्र दिएर पुग्दैन उनीहरुलाई नैतिक र व्यवहारिक शिक्षा पनि दिनु पर्दो रहेछ भन्ने कुरामा जोड दिइएको छ । यी सम्पूर्ण कुराहरुलाई अध्ययन गर्दा शिक्षक एउटा विज्ञ वा तालिम प्राप्त हुन जरुरी छ । जसको माध्यमबाट नवप्रवर्तनहरुलाई कक्षाकोठामा सही र भरपर्दो रुपमा प्रयोग गरी शैक्षिक गुणस्तरलाई बढाउन सकिन्छ, (न्यु एप्रोच टु प्राइमरी एजुकेशन सिस्टम, सन् २०१७) ।

नवप्रर्वतनलाई आधार बनाएर नै आजको शिक्षा विकसित अवस्थामा पुगेको छ । कक्षाकोठामा नवप्रवर्तनका प्रयोगकर्ताका रुपमा शिक्षकलाई प्रमुख जिम्मेवार व्यक्तिका रुपमा लिन सकिन्छ । किन भने शिक्षकले कक्षा शिक्षण गर्दा शिक्षकले विद्यार्थीका क्रियाकलाापहरुको अवलोकन गरिरहेको हुन्छ । शिक्षकले विद्यार्थीका आवश्यकताहरु बुझ्रिरहेको हुन्छ । यसै गरी विद्यार्थीलाई विभिन्न पाठअनुसारको शिक्षण विधि अपनाउन पनि शिक्षकले योजना बनाएको हुन्छ । त्यसैले कक्षा नियन्त्रण गर्दा विद्यार्थीको स्तरअनुसार शिक्षण गर्न, वैयक्तिक उपचारहरु गर्न, सैद्धान्तिक, प्रयोगात्मक वा अन्य क्रियाकलापहरु, कौशलहरु, प्रविधिहरु, उपयाहरु आदिको प्रयोग गर्न सक्छ । यी सबै शिक्षण सिकाइका नयाँ प्रवर्तनहरु हुन्, (शर्मा एण्ड शर्मा, २०६८) ।

सूचना प्रविधि नीति २०६७ विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा राष्टिय पाठ्यक्रम प्रारुप आदिमा सूचना तथा प्रविधिलाई प्रवर्द्धन गरी विद्यालयमा व्यवस्थित तथा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा आधुनिक उपकरणहरुको प्रयोग गर्दै कक्षा शिक्षणमा विद्यार्थीहरुको पूर्ण सहभागिता बढाई गुणस्तरीय सिकाइ कार्यमा नवप्रवर्तनको प्रयोगको जोड दिएको पाइन्छ, (शर्मा, २०७१) ।

यस प्रविधि सफल गर्नको लागि शिक्षक सँधै तर्कनीय तरिका अपनाउँथे । पहिले शिक्षण कलाको परम्पगरागत अर्थ प्रस्तुत गर्दै यस कला अन्तर्गत भनिन्थ्यो कि यदि दण्डको उपयोग गरिएन भने बालक बिग्रेर जानेछ । यसप्रकार पहिले बाालकको शिक्षणमा दमनात्मक प्रविधिको प्रभुत्व बढी थियो भने आज वैज्ञानिक, आधुनिक साधनहरुको सुलभताका परिणम स्वरुप शिक्षकको उत्तरदायित्व र भूमिका बेग्लै भएको तथ्य हाम्रो साम ज्वलन्त उदाहरणका रुपमा छँदैछ । नवप्रवर्तनको विकासमा रुसो, पेष्टालोजी, हर्वट स्पेन्सर, ड्युवी जस्ता महान विचारहरुको महत्वपूर्ण योगदान रहेको छ ।जसले शिक्षण साधन तथा प्रविधिमा सिलोट, पार्टी, पौवा,

निगाला, कागज, मसी धौसो, बाँसजस्ता प्रविधि तथा साधनलाई परिवर्तन गरी शिक्षण प्रक्रियामा आधुनिक उपकरणहरु, टि.भि., इमेल, कम्प्युटरजस्ता साधनहरुद्वारा पठनपाठन प्रक्रियालाई अर्थपूर्ण तथा प्रभावकारी वनाउन नव प्रवर्तनलाई प्रश्य दिएको छ, (कार्की, २०६९) ।

आजभोलि सरकार नागरिक सेवा कसरी छिटोछरितो र स्तरीय बनाउने भन्ने तनावमा छन् । यसका लागि सेवाग्राही र सरकारभित्रैबाट पनि व्यापक दबाब छ । लोकतन्त्रको प्रियता, नागरिक चेतना र सूचना प्रविधिको निरन्तर विकासका कारण सरकार र उसका संरचना नवीन शासकीय आविष्कार गर्न बाध्य छन् । सर्वसाधारण सेवाग्राही, ग्राहक, उपभोक्ता, नागरिक हुँदै कतिपय सन्दर्भमा सहउत्पादक पनि बनेकाले राजनीतिज्ञ राज्यप्रणालीमा नवप्रवर्तन गर्ने सोच र प्रशासन यसका लागि प्रणाली निर्माण गर्नमा उद्यत छन् । उनीहरूको सफलताको कसी पनि नवप्रर्वतन र मूल्य सिर्जना हुन थालेको छ । सार्वजनिक क्षेत्रमा आविष्कार भनेको व्यावसायिकताको विषय हो अनि कार्यसंस्कृति एवं सेवा प्रक्रियामा निरन्तर मूल्य अभिवृद्धि हो । यसले सेवाप्रदाताका भावनालाई मात्र कदर गर्दैन, अरूका विचारको संयोजनले मौजुदाभन्दा उत्तम परिणाम उत्पादन गर्छ । नवप्रवर्तनलाई सिजर्नशीलता, व्यावसायिकताको संयुक्त परिणामका रूपमा लिने गरिन्छ । सिर्जनशीलताको अर्थ केही नौलो कार्यमार्फत मूल्य अभिवृद्धि गर्नु हो । यो कुनै प्राज्ञिकता काम उत्साह हो, सङ्गठनलाई गतिशील बनाउने कार्य हो । अर्को अर्थमा मौजुदा स्थितिप्रति चुनौती र तनाव सिर्जना हो । इतिहास हेर्दा विकास र सभ्यतामा आविष्कार र पुन:आविष्कार नै भेटिन्छ । राम्रो गर्छु भन्ने उत्साह र ऊर्जा नै नवप्रवर्तनको कारक हो । साथै व्यावहारिक रूपमा अपनाउन सकिने कुरा मात्र आविष्कार हो । विद्वानहरू यसलाई एक प्रतिशत विचार र ९९ प्रतिशत कार्यान्वयनका भन्न रुचाउँछन् । दक्षिण कोरियाले उसको आर्थिक विकासलाई एक प्रतिशत विचार, ९९ प्रतिशत कार्यान्वयन भन्ने गरको छ । यस अर्थमा त्यहाँको

सरकार नवप्रवर्तनमुखी छ भन्ने हो । वास्तवमा नवप्रवर्तन भनेको व्यवहारमुखी प्रयोगात्मक अभ्यास भएकाले कुनै पनि उपलब्धि मूलक कार्यमा नवप्रवर्तनको प्रयोग हुनु अपरिहार्य हुने गर्दछ , (मैनाली,२०७४) ।

माथि उल्लेखित विभिन्न समयमा भएका अध्ययन अनुसन्धान, लेख, रचनाहरुको आधारमा कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगले शिक्षकको क्षमता अभिवृद्धि गरी प्रभावकारी शिक्षण गर्न सहयोग पुर्‍याउने साथै विद्यार्थीहरुमा व्यवहारिक ज्ञान हासिल भई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुर्‍याउँदछ  वा पुर्‍याउँदैन सो को प्रभाव कस्तो रहन्छ भनी निष्कर्ष पत्ता लगाउन यो अध्ययन अनुसन्धान गरिएको छ ।

## २.३ अध्ययनको सैद्धान्तिक खाका

शोध अनुसन्धान कार्यलाई एउटा निश्चित निष्कर्षमा पुर्‍याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तलाई आधार मानी कुनै पनि नयाँ नयाँ तथ्यहरु प्रतिपादन गर्नुपर्ने हुन्छ । सही र वास्तविक तथ्यको सहयोगबाट नै समस्याका समाधानका उपापयहरु पत्ता लगाउन सकिन्छ । आफ्नो शोध अनुसन्धान कार्यलाई थप बलियो आधारहरु प्रस्तुत गर्नलाई विभिन्न सिद्धान्तहरुलाई अधार बनाउनु आवश्यक हुन्छ जसको माधयमबाट अनुसन्धाानलाई एउटा निष्कर्षमा पुर्‍याउन थप सहयोग पुग्नेछ ।

मनावैज्ञानिक थर्नडाइकले सन् १९१३ मा आफ्नो प्रयत्न तथा भूलको सिद्धान्तमा आधारित रही सिकाइका नियमहरु प्रतिपादन गरे । यसलाई परिवर्तित रुपमा पुनः सन् १९३० मा थर्नडाइकको प्रत्यत्न तथा भूलको सिद्धान्त भनी व्याख्या गरे । थर्नडाइकले आफ्नो प्रयत्न तथा भुलको सिद्धान्तको प्राथमिक नियमहरु प्रभावको नियम, अभ्यासको नियम र तयारीको नियम भनी लिएका छन् । वास्तवमा थर्नडाइकको प्रभावको नियम खुसी र दुःखी को सिद्धान्तमा आधारित छ । जब

प्राणीप्रति क्रिया, खुसी साथ दिन्छ भने प्रतिक्रिया राम्रो आउँछ । थर्नडाइकको प्रयत्न तथा भुल सिद्धान्त अभ्यासमा आधारित सिद्धान्त हो । अभ्यास भनेको पुनरावृत्ति हो, कोसिस हो र व्यवहार दोहोर्‍याउनु हो । यस नियमानुसार उत्तेजना र प्रतिक्रियालाई पुनरावृत्ति जति धेरै पटक गरिन्छ । तिनीहरु बिचका सम्बन्ध पनि त्यति नै बलियो हुन्छ । थर्नडाइकको प्रयत्न र भुलको सिद्धान्तको मूल मर्म नै अभ्यासले सिकाइलाई बलियो बनाउँछ र सिकाईको गुणात्मक विकास अभ्यासको कारणले हुन्छ भन्ने कुरा उल्लेख गरेका छन्

उनको यस सिद्धान्तलाई शिक्षकले सिकेका कुरालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनी उपयोगमा ल्याउन सकिन्छ । शिक्षकले कक्षाकोठाका क्रियाकलाप सन्तोषजनक, आनन्ददायी र अर्थपूर्ण बनाउन आफनो शिक्षण कार्यलाई दवावमूलक नभई स्वतन्त्र रुपमा सञ्चालन गर्नुपर्दछ । विद्यार्थीको प्रकृति र स्वभावहरु कक्षा कार्य वा गृहकार्यमा पुनर्बल वा पुरस्कारयुक्त भएमा त्यसको प्रभाव राम्रो हुन्छ । विद्यालयमा सिकारुले कुनै पनि कुरामा सन्तुष्टि प्राप्त गर्न आत्मविश्वास सिर्जना गर्नु पर्दछ । त्यसको स्रोत भनेको शिक्षक नै हो । विद्यालयमा शिक्षण कार्यमा विद्यार्थीहरुको कठिनाईस्तर पत्ता लगाई त्यसको आधारमा शिक्षण गर्नसके शिक्षण सिकाइमा राम्रो प्रभाव पर्दछ । शिक्षण सिकाइमा शिक्षकहरुलाई सिकाइप्रति जागरण वृद्धि गराउन बारम्बार अभ्यासको निम्ति वातवारण सिर्जना गर्न उपयुक्त शिक्षण विधि र प्रविधि लगायतका नवप्रवर्तनहरुको प्रयोग गर्न सहयोग पुग्ने भएकाले यस सिद्धान्तलाई शोध अनुसन्धानसँग जोडेर अध्ययन गरिएको छ ।

सूचना प्रशोधन सिकाइ सिद्धान्तले सूचना संग्रह प्रवृत्ति कस्तो छ, मानिसले सूचनाको छनोट र आन्तरिकीकरण कसरी गर्छ, प्राप्त सूचनाहरुलाई कसरी उपयोग गर्दछ भन्ने सवाललाई अध्ययन गर्दछ । सिकाइ सिद्धान्तको दुनियमा यस सिद्धान्तको विकासमा प्रत्यक्षीकरण, स्मरण, धारणा, भाषा, मनन, समस्या समाधान जस्ता

संज्ञानात्मक र भावनात्मक पक्षको मुख्य स्थान रहेको छ । विज्ञान र प्रविधिको द्रुततर विकासको क्रममा लगभग सन् १९५० देखि २०६० को दशकतिरबाट हुन गएको कम्प्युटर प्रविधिको विकास र प्रयोगबाट मनोवैज्ञानिकहरु यसतर्फ आकर्षित हुँदै गएको पाइन्छ । यही आकर्षणको प्रतिफल स्वरुप सापेक्षित रुपमा नयाँ सिकाइ सिद्धान्त सूचना प्रशोधनको विकास भएको हो । कम्प्युटर, क्यालकुलेटर, रोवर्ट जस्ता आधुनिक प्रविधिहरुमा लागु हुने प्रक्रियासँग तुलना गरी प्राणिले सिक्ने प्रक्रियामा पनि सोही मुताविकको प्रवृत्ति पाइने तथ्यलाई आत्मसात गरी मनोवैज्ञानिकहरुले यस सिद्धान्तको विकास गरेका हुन् ।

यस सिद्धान्तलाई शिक्षकले कक्षा शिक्षणमा नवप्रवर्तनहरुको प्रयोग गरी कसरी विद्यार्थीहरुको शैक्षिक उपलब्धि बढाउन सकिन्छ भनी उपयोगमा ल्याउन सकिन्छ । यस सिद्धान्तले समस्या समाधान र सृजनात्मक सोच विकास गरी सिकाइलाइ व्यवहार उन्मुख बनाउँछ । सिकारुको समस्या समाधानमा सिकारु स्वयमलाई क्रियाशील पार्ने र सिर्जनशील सोचाइको विकास गर्ने गर्दछ । समस्याको प्रकृति, स्वरुप र गहिराइलाई बुझ्न सक्ने मानसिक क्षमताको उपयोग गर्दछ । जसले शिक्षणमा नवप्रवर्तनहरुलाई अर्थपूर्ण ढंगले उपयोग ग री सिकारुलाई सिकाई प्रति उत्साहित र सक्रिय बनाउँछ । सूचना प्रक्रिया सिद्धान्तले सिफारिस गरेको मानसिक प्रक्रियाको प्रयोगले नै समस्याको गहिराईलाई बुझ्ने र सुझको प्रयोग गर्ने कुरामा सिकारुलाई सिर्जनशील र सक्रिय पार्न सकिन्छ । अतः समस्या समाधानमा यस सिद्धान्तको बृहत उपयोग पाइएकाले शोधपत्रको सैद्धान्तिक आधार मानेर यो अध्ययन अनुसन्धान गरिएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

गुणात्मक शिक्षा प्रदान गर्नु आजको आवश्यकता हो । शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रमुख आधार भनेको शिक्षणमा नवप्रवर्तनहरुको उपयोग गरिनुलाई भनिएको छ । विभिन्न समयमा विभिन्न व्यक्ति एवम् संस्थाहरुले गरेको अध्ययन अनुसन्धानको निष्कर्षले शैक्षिक नवप्रवर्तनहहरुले शिक्षकहरुलाई शैक्षिक सामग्री, शिक्षण विधि, मूल्यांकनका तरिका र कक्षाकोठाको व्यवस्थापन गरी शिक्षण सिकाइ कार्यलाई रोचक र दीर्घकालीन बनाउन मार्गदर्शन गरी प्रभावकारी सिकाइमा अभिप्रेरित गर्ने कुरामा जोड दिएको निष्कर्ष निकालेका छन् । नवप्रवर्तनले शिक्षकलाई प्रभावकारी शिक्षण गर्न मद्दत प्रदान गर्दछ । यसले शिक्षकलाई विद्यार्थीहरुमा रहेको अन्तरनिहित क्षमताको पहिचान गरी उनीहरुको शारीरिक, मानसिक एवम् बौद्धिक पक्षको विकास गर्न विद्यार्थीहरुका प्रतिभा अभिरुचि, सिकाइ कमजोरी र व्यवहारका बारेमा जानकारी लिई उनीहरुको इच्छा, चाहना, अनुरुप शिक्षण गर्न शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता गराउन सहयोग पुर्‍याउँछ । नवप्रवर्तनले शिक्षकलाई पेशागत दक्षता वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न समेत सहयोग गरेको हुन्छ भने कक्षाकोठाको सही र उचित व्यवस्थापन गर्न समेत सहयोग पुग्दछ । यसले शिक्षकहरुको पेशागत अभिवृद्धि गर्न, प्रभावकारी शिक्षण गर्न, सिकाइका लक्ष्यहरु पूरा गर्न, शैक्षिक प्रविधिको विकास गर्न, बालमनोविज्ञान र शिक्षण विधिको आधारमा विद्यार्थीको आवश्यकता अनुसारको ज्ञान, सीप र प्रविधिको विकासद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्न समेत सहयोग पुऱ्याएको छ ।

सम्बन्धित साहित्यको अध्ययनबाट पनि कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शैक्षणिक कार्यलाई प्रभाव पार्न सक्ने आधारहरु प्रस्तुत गरेको छ । सम्बन्धित साहित्यको पुनरावलोकनबाट यस अध्ययनको लागि निर्दिष्ट बाटाहरु निर्माण गर्न,

अध्ययनको सैद्धान्तिक खाका निर्माण गर्न तथा अध्ययनमा समेट्नु पर्ने विषयवस्तुहरुको जानकारी प्राप्त गर्न सहयोग पुर्‍याउने कुरालाई सम्बन्धित साहित्यको उपयोगिताको रुपमा समेटिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

यस अध्ययनमा अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध विधि प्रयोग गरिएको छ । यस अध्ययनको लागि सम्भावनारहित नमूना छनोट विधिको उपयोग गरी शोध अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय गरी तथ्यांकका दुईवटा स्रोतलाई अवलम्बन गरिएको छ । यस अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भई तथ्यांक संकलन गरेर त्यसको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन कार्य गुणात्मक ढाँचाको रहेको छ । गुणात्मक अनुसन्धानका प्रकारहरु मध्ये ग्राउन्डेड सिद्धान्तलाई यसको मुख्य विधिको रुपमा लिइएको छ । ग्राउन्डेड सिद्धान्तले कुनै घटना वा परिवेशलाई अध्ययन गरी प्राप्त भएका तथ्यांकहरुका आधारमा नयाँ सिद्धान्त निर्माण गर्दछ । यस गुणात्मक अनुसन्धानमा अन्तरवार्ता र अवलोकन जस्ता विधिहरुको प्रयोग गरी कुनै घटना वा परिवेशको बारेमा संकलन गरिएका तथ्यांकहरुलाई अर्थपूर्ण ढंगले विश्लेषण गरी तथ्यांकको आधारमा सिद्धान्तको खोज, विकास र प्रमाणीकरण गर्दछ । ग्राउन्डेड सिद्धान्त विधिमा अनुसन्धानलाई सफल तरिकाले सम्पन्न गरी अनुसन्धानको निष्कर्षलाई विश्वासनीय र वस्तुनिष्ठ बनाउन अनुसन्धान समस्याको पहिचान गर्ने, अनुसन्धान प्रश्नहरुको निर्माण गर्ने, संकेतीकरण गर्ने, मुख्य चरहरु पत्ता लगाउने र ग्राउन्डेड सिद्धान्को आधार मानी अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

### ३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनौट प्रक्रिया

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक र विस्तृत भए पनि एउटा शोधकर्ताले सबे क्षेत्रको अध्ययन गर्न सम्भव नहुने भएको हुँदा यातायातको सुविधा, समय, स्रोत र साधनलाई मध्यनजर गरी प्रस्तुत क्षेत्रको प्रतिनिधित्व हुने गरी सम्भावना रहित नमुना छनोट विधिबाट निम्नानुसार छनौट गरिएको छ । यस अध्ययनको लागि चितवन जिल्ला भरतपुर म.पा. लंकु स्रोतकेन्द्र अन्तर्गत ३५ वटा संस्थागत र २३ वटा सामुदायिकविद्यालय मध्येबाट गोला प्रथा विधिका आधारमा २ वटा सामुदायिक विद्यालयहरु नारायणी नमुना मा.वि., मोहन मा.वि., र संस्थागत तर्फ २ वटा विद्यालयहरु क्रमशः अर्किड ईङलिस बोर्डिङ स्कुल र ग्रिनल्याण्ड पब्लिक स्कुल भरतपुरलाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । छनोटमा परेकाविद्यालयहरु मध्येबाट चारैवटा विद्यालयका प्र.अ. ४ , वि.व्य.स. अध्यक्ष ४, शिक्षक ३।३ का दरले १२, विद्यार्थी २।२ का दरले ८ जना अभिभावक १।१ गरी ४ जना सहित जम्मा ३२ जनालाई प्रस्तुत अध्ययनयको जनसंख्याको रुपमा छनोट गरिएको छ ।  चारवटै विद्यालयका शिक्षकहरु १३८ रहेका र उनीहरुको छनोट प्रक्रिया गोलाप्रथा गरेर गरिएको छ । विद्यार्थीको छनोट भने विद्यार्थीको स्तर

### ३.३. तथ्याङ्कका स्रोतहरू

अनुसन्धान कार्यको विषय वा समस्याको बारेमा खोज गर्दा विभिन्न स्रोतहरूलाई आधार मान्नु आवश्यक रहेकोछ । यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्धितिय गरी तथ्याङ्कका दुईवटा तथ्यांकका स्रोतलाई अबलम्बन गरिएको छ ।

#### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइने छ । जसमा तथ्याङ्क

सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेखित अन्तवार्ता तथा प्रश्नावालीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.१ द्वितिय स्रोत

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, अप्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्कका साधनहरु

प्रस्तुत अध्ययनलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका  लागि निम्नानुसारका तथ्यांकका साधनको प्रयोग गरिएको छ ।

### ३.४.१  अन्तरवार्ता प्रश्नावली

यस अन्तरगत छनोटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावकसँग, प्रत्यक्ष भेट गरी अनुसूचीमा तयार गरिएका छुट्टा छुट्टै अन्तरवार्ता प्रश्नावलीको आधारमा तथ्यांक संकलन गरिएको छ ।

### ३.४.२ अवलोकन फारम

यस अन्तरगत छनोटमा परेका अध्ययन स्थलमा अनुसन्धानकर्ता स्वयं उपस्थित भएर तथ्यांक संकलन गर्नका लागि अनुसूचीमा उल्लेखित अवलोकन फारमका  आधारमा देखिएका वास्तविकताको आधारमा तथ्यांक संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन कार्यका लागि अनुसन्धानकर्ता तथ्यांक संकलनका लागि तयार पारिएको प्रश्नावली प्रयोग गरी तथ्यांक संकलन गरिएको छ । जसका लागि छनोटमा परेका

विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु आदिसँग सम्पर्क गरी तयार गरिएका प्रश्नवाली मार्फत प्राप्त धारण, अवलोकनलाई आधार बनाई उक्त अनुसन्धान कार्य पुरा गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका लागि तयार पारिएको प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित तथ्यांकहरुको व्याख्या र विश्लेषण महत्वपूर्ण पक्ष हो । अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्यांकहरुलाई व्यवहारिक, वस्तुनिष्ठ र सबैका लागि उपयुक्त बनाउन तथा उद्देश्य अनुसार शोध कार्यलाई पूर्णरुप प्रदान गर्नका लागि अस्पष्ट तथ्यांकलाई प्रशोधन गरी स्पष्ट र व्यवस्थित बनाइने छ । तथ्याांक संकलन गरिएका अनुसन्धान साधन र प्राप्त तथ्यांकको स्वरुपको आधारमा तथ्यांकहरुलाई ढाँचा अनुसार वर्णनात्मक तरिकाले विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## तथ्यांकको व्याख्या एवम् विश्लेषण

अनुसन्धानका क्रममा प्राप्त भएका तथ्यहरुको उचित तवरबाट व्याख्या एवम् विश्लेषण गरी शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता दिनु अनुसन्धानकर्ताका दायित्व अन्तर्गत पर्दछ । कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव नामक शीर्षक चयन गरी कक्षाकोठामा नवपप्रवर्तन प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु, कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाईमा पारेको प्रभाव विश्लेषण गर्नु, नवप्रवर्तनको प्रयोगमा देखा परेका समस्याहरु पहिचान गर्नु, नवप्रवर्तनको प्रभावकारी प्रयोगद्वारा शिक्षणलाई उपलब्धि मूलक बनाउने उपायहरु सुझाउनु जस्ता उद्देश्यहरुमा यो शोधपत्र केन्द्रित गरिएको छ ।

प्रस्तुत शोधपत्रमा चितवन जिल्ला भरतपुर महानगरपालिका लंकु स्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा ३५ वटा संस्थागत र २३ वटा सामुदायिक विद्यालय मध्येबाट २ वटा सामुदायिक र २ वटा संस्थगत गरी जम्मा ४ वटा विद्यालयलाई छनोट गरिएको छ । जसमध्ये सामुदायिक विद्यालय तर्फ श्री नारायणी नमुना मा.वि. र मोहन मा.वि. तथा संस्थागत विद्यालय तर्फ अर्किड अंग्रेजी स्कूल र ग्रिनल्याण्ड पब्लिक स्कूल भरतपुरलाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयहरु मध्येबाट ४ वटै विद्यालयका प्र.अ. गरी ४ जना, वि.व्य.स.का अध्यक्ष ४, शिक्षक ३।३ का दरले १२ जना, विद्यार्थी २।२ का दरले ८ जना, अभिभावक १।१ गरी ४ जना सहित जम्मा ३२ जनालाई प्रस्तुत शोधपत्रको जनसंख्याको रुपमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयहहरुमा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरेर प्राप्त भएको तथ्यांकलाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१ कक्षाकोठामा नवप्रवर्तनको प्रयोगको वर्तमान अवस्था

शिक्षामा नयाँ नयाँ परिवर्तन आउँदा शिक्षणमा पनि नयाँ पनको प्रवेश भएको छ । जसकाे फलस्वरुप शिक्षाले नयाँ गति लिँदै गर्दा शिक्षण परिस्कृत बनाउन कस्ता नीति अपनाइएको छ ? भन्ने बारेमा जानकारी पहिचान गनर्नका लागि छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिबाट प्राप्त तथ्य अनुसार कक्षा शिक्षणमा नवप्रवर्तन प्रयोगको वर्तमान अवस्थालाई निम्नानुसारका उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

### ४.१.१ शैक्षिक सामग्रीको प्रयोग

कुनै पनि विषयवस्तुको अध्यापन गर्नका लागि शैक्षिक सामग्रीले  अपरिहार्य भूमिका निर्वाह गरेको हुन्छ । यिनै कुरालाई दृष्टिगत गरी कक्षा शिक्षणा गर्दा शिक्षिकहरुले शिक्षणलाई प्रभावकरी । अर्थपूर्ण बनाउनका लागि के कस्ता शैक्षिक  सामग्री प्रयोग गर्दै आएका छन् भन्ने सन्दर्भमा छनोटमा परेका विद्यालयहरुमा गरिएका अध्ययन अनुसन्धान एवम् छलफल, अन्तरक्रियाबाट प्राप्त भएको तथ्य अनुसार छनोटमा परेको विद्यालयमा शैक्षिक सामग्रीको अवस्थालाई विश्लेषण गर्दा छनोटमा परेको विद्यालय श्री नारायणी नमुना माध्यमिक विद्यालयमा अध्ययन अवलोकन गर्दा शैक्षिक सामग्रीको प्रयोग कक्षाकोठामा कम प्रयोग हुने गरृको पाइयो । बजारबाट ल्याइएका मुद्रित सामग्रीहरु मध्ये पाठ्यक्रम, पाठ्यपुस्तकको उपलब्धिता बढी देखियो । शिक्षक निर्देशिका सबै विषयको भए पनि प्रयोगमा न्यूनता देखिएको साथै विद्यार्थीलाई कक्षा नोट लेखाइ दिने र पाठका अन्त्यमा भएका अभ्यासहरु गरेर दिने समस्या भएको अभिव्यक्ति पाइयो । विद्यालयमाश्रव्य दृश्य सामग्रीहरु रहेको भए  पनि सो को प्रयोग विद्यालयमा भएका  शैक्षिक सागम्रीहरुको शिक्षक र विद्यार्थी मिलेर निर्माण गर्ने र त्यसलाई हिफाजत गर्ने, सुरक्षा गर्ने कार्यहरु न्यून रुपमा भएको देखियो । शिक्षकहरुले समय समयमा शैक्षिक सामग्री निर्माणका तालिम गोष्ठी समारोहहरुमा सहभागी भए

तापनि तालिम लिएको केही समय प्रयोग गर्ने र पछि क्रमश: हटाउँदै लगी चक एण्ड टल्क मा नै सीमित रहने देखियो । शैक्षिक सामग्रीको प्रयोग प्रति सम्पूर्ण सरोकारवालाहरुले पर्याप्त चासो व्यवहारिक रुप राखेको पाइएन ।

छनोटमा परेको विद्यालय अर्किड अंग्रेजी वोर्डिंग स्कूलमा शैक्षिक सामग्रीको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा तथ्य संकलन गर्नका लागि अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अवलोकन एवम् अन्नतरवार्ताबाट प्राप्त जानकारी अनुसार यस विद्यालयमा भने विषयगत पाठ्यक्रम आवश्यकता अनुसार उपलब्ध भएको पाइयो । यस विद्यालयमा विद्यार्थीलार्य विषयगत पाठ्यक्रम पाठ्यपुस्तक उपलब्ध गराई आवश्यकता अनुसार शिक्षण सामग्री उपलब्ध गराई दक्ष शिक्षकहरुबाट अध्ययन अध्यापन गरिएको पाइयो । उक्त विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता भएता पनी सो को प्रभावकारी रुपमा प्रयोग हुन नसकेको र खेलकूदका सामग्रीको पर्याप्तता रहेका तथा सोको उपयोग समेत भएको पाइयो ।

अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेको विद्यालय श्री मोहन मा.वि.मा पनि विषयगत पाठ्यक्रम आवश्यकता अनुसार उपलब्ध हुन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । केही मात्रामा शिक्षक निर्देशिका भए पनि शिक्षक निर्देशिकाको प्रभावकारी ढंगबाट प्रयोग हुन नसकेको भन्ने जस्ता उत्तरहरु विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त हुनुका साथै विषय अनुसार सबै विषयको शिक्षक निर्दशिका नभएको भन्नने उत्तरहरु प्र.अ. बाट प्राप्त भएको छ ।त्यसैगरी पर्याप्त मात्रामा खेलकुदका सामग्रीहरु श्रव्य दृश्यात्मक सामग्री, अन्य सन्दर्भ सामग्री नभएको र भएका सामग्रीहरु पनि उचित तवरले प्रयोग हुन नसकेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । त्यसैगरी पर्याप्त मात्रामा खेलकुदका सामग्रीहरु श्रव्य दृश्य सामग्रीहरु अन्य सन्दर्भ सामग्रीहरु नभएको तथा भएको पनि सही र प्रभावकारी ढंगले प्रयोग नगरी सधै भ्रै चक एण्ड टल्को उपयोग भएको पाइयो ।

त्यसैगरी छनोटमा परेको अर्को विद्यालय श्री ग्रीनल्याण्ड अंग्रेजी बोर्डिंग स्कूलमा शैक्षिक सामग्रीको अवस्थालाई हेर्दा उक्त विद्यालयमा बालमैत्री वातावरणमा अध्ययन अध्यापन भई आवश्यकताअनुसार पाठ्यपुस्तकहरुको पर्याप्तता रहेको देखियो । स्वच्छवातवारणमा शिक्षक कार्यलाई सु व्यवस्थित गरी शिक्षण गरिएको र अध्ययन अध्यापन सोही गतिमा भएको पाइयो । उक्त विद्यालयमा आवश्यकता अनुसारका खेलकुदका सामग्रीको पर्याप्तता रही सोको प्रयोग समेत भएको पाइयो । त्यसै गरी सन्दर्भ सामग्रीहरुको प्रयोग पनि प्रभावकारी भएको पाइयो । साथै शिक्षक निर्देशिकाको अपर्याप्तता भई सो को प्रयोगमा न्यनता समेत रहेको पाइइो । यस विद्यालयमा श्रव्य दृश्यात्मक सामग्रीहरुको साथै सन्दर्भ सामग्रीको पर्याप्ता केही न्यून रुपमा भएको देखियो ।

छनोटमा परेका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई हेर्दा सामुदाकयि विद्याललयमाभन्दा संस्थागत विद्यालयमा तुलनात्मक रुपमा प्रभावकारी ढंगबाट प्रयोग भएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापनको अवस्थालाई विश्लेषण गर्दा सामुदायिकको तुलनामा संस्थागत विद्यालयहरुमा नै उचित व्यवस्थापन हुन सकेको पाइयो । सुधारिदो क्रममा रहेका हाम्रा सामुदायिक विद्यालयहरुमा सुधिने कदममा रहको तर सोको पूर्ण निराकरण भइ नसकेको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ ।

कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग के कसरी भइ रहेको छ भन्ने सन्दर्भमा छनोटमा परेका विद्यालयमा सोधिएको प्रश्नावली एवम् अवलोकनबाट प्राप्त तथ्य अनुसार छनोटमा परेका विद्यालयमा कक्षा शिक्षण गर्दा सबै शिक्षकहरुले पाठयोजना बनाएर जाने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा शिक्षक तथा विद्यालय प्र.अ.बाट जानकारी प्राप्त भएको छ । ४ वटै विद्यालयमा कक्षा शिक्षणमा सेतो पाटी र कालो मार्करको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त तथ्य अनुसार चक र कालोपाटी

परिवर्तन भई सेतोपाटी र मार्करका प्रयोग गरिएको पाइयो । विद्यालयमा शुरुगरिएको सेतो पाटी र मार्कर नवप्रवर्तनको उदाहरणका रुपमा लिन सकिने भन्ने उत्तहरु विद्यालयका शिक्षकहरुबाट प्राप्त भएको थियो ।

उक्त विद्यालयहरुमा शिक्षक केन्द्रित विधिहरुका साथै बालकेन्द्रित, विद्यार्थी क्न्द्रित विधिहरुको उपयोग भइ पाठ अनुसारका सन्दर्भ सामग्रीहरुमा श्रव्य तथा दृश्यात्मक सामग्रीका साथै प्रोजेक्टर बोर्डको उपयोग गरी  कक्षा शिक्षणमा नवप्रवर्तनलाई प्रश्रय दिई नयाँपन अपनाई शिक्षणलाई सूच्ना तथा प्रविधिमा ढाल्दै गएको पाइयो । सामुदायिक विद्यालयमा सो को प्रयोग न्यून भएको पाइयो । भने संस्थागत विद्यालयमा सो को प्रयोग बढी मात्रामा भएको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ ।

### ४.१.२ शिक्षकको प्रस्तुतीकरण

विद्यालयमा अध्यापन गराउँदा शिक्षकले के कसरी शिक्षण कार्यलाई अध्यापन गराउँछन् ? उनीहरुको प्रस्तुतीकण के कस्तो रहेको छ भन्ने सन्दर्भमा जानकारी प्राप्त गर्ने अभिप्रायले अनुसन्धानकर्ता प्रत्यक्ष  उपस्थितिमा गरिएको अध्ययन, अनुसन्धान, छलफल तथा अन्तरक्रिया अनुसार छनोटमा परेका विद्यालयमा शिक्षकहरुले आफ्नो व्यक्तित्व र बोलीको प्रभावले आफ्नो अध्यापन गर्ने शैलीलाई बढाएर मनमोहक वातवारणमा विद्यार्थीलाई अध्ययन कार्यमा सहयभागी गराई सृजनात्मक पक्षलाई बढाई शिक्षण कार्य र अध्ययन कार्यलाई रोचक बनाईएको पाइयो ।

### ४.१.३ विद्यार्थीका लागि मूल्यांकन र पृष्ठपोषण

शिक्षकहरुले अध्यापन गरिसकेपछि के कसरी मूल्यांकन गर्नुहुन्छ र गल्ती सुधार गर्नका लागि के कसरी पृष्ठपोषण प्रदान गर्नुहुन्छ भन्ने सन्दर्भमा गरिएको अवलोकन एवम् अन्तरवर्ताबाट प्राप्त तथ्य अनुसार छनोटमा परेका श्री नाराायणी नमुना मा.वि.मा विद्यार्थीलाई अध्यापन गरिसकेपछि जाने वा जानेन् भन्ने बारेमा उठाएर सोध्ने गरेको र

उत्तर आउन नसकेमा अर्को विद्यार्थीलाई सोध्ने गरेको पाइयो । यस विद्यालयमा अध्ययनरत शिक्षकहरुले विद्यार्थीलाई पृष्ठपोषण दिँदा अत्यन्त मायालु वातावरणमा पृष्ठपोषण दिने गरेको पाइयो । विद्यार्थीलाई दिएको गृहकार्य राम्ररी जाँच गर्ने गरिएको पाइयो ।

त्यसैगरी छनोटमा परेको अर्को विद्यालय श्री अर्किड अंग्रेजी विद्यालयमा भने विद्यार्थीलाई अध्यापन गरिसके पछि प्रश्न सोध्नुका साथै पालै पालो उत्तर भन्न लगाउने गरेको पाइयो । विद्यार्थीले गृहकार्य तथा कक्षाकार्य गरेका आधारमा विद्यार्थीको निरन्तर मूल्यांकन गर्ने गरेको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ । यस विद्यालयमा हरेक विद्यार्थीका लागि गृहकार्य डायरीको व्यवस्था गरी कक्षा शिक्षकबाट गृहकार्य गरेको नगरेको थाहा पाउन डायरी परीक्षण गर्ने गरेको पाइयो । यस विद्यालयमा अध्यापनरत शिक्षकहरुले विद्यार्थीलाई पृष्ठपोषण दिँदा प्रभावकारी ढंगबाट पृष्ठपोषण दिने गरेको पाइयो ।

छनोटमा परेका विद्यालयमा श्री मोहन मा.वि. र श्री ग्रीनल्याण्ड अंग्रेजी वोर्डिंग स्कूलमा पनि कक्षामा शिक्षकले के कसरी विद्यार्थी मूल्यांकन गर्ने गर्नुहुन्छ ? विद्यार्थीले जाने नजानेको पहिचानका लागि के कस्ता क्रियाकलाप गर्नु हुन्छ भन्ने सन्दर्भमा गरिएको अध्ययन अनुसन्धान अनुसार कक्षाकार्य र गृहकार्यलाई नै बढी मात्रामा प्राथमिकता दिने गरेको पाइयो ।

मनोवैज्ञानिक थार्नडाइकको प्रयत्न र भूलको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्यको पहिलो उद्देश्यमा प्राप्त भएको् तथ्य अनुसार विद्यालयमा नवप्रवर्तनको अवस्था कक्षा शिक्षणमा विस्तारै बढ्दै गइरहेको पाइयो । हिजो कालो पाटी र चकको धुलो खाने कक्षाकोठा आज सेतो पाटी र मार्करमा परिणत भएको पाइयो । विद्यालयहरुल विभिन्न संघर्ष र चुनौतीका अवस्थाहरु पार गरी भूल र

प्रयत्नबाट आधुनिकता तर्फ अग्रसर हुँदै गएको पाइयो । जसले गर्दा परिवर्तन जनमानससम्म पुगेको र शैक्षिक नवप्रवर्तनले शिक्षणमा ठाउँ बनाएको देख्न सकियो ।

प्रस्तुत सूचना प्रशोधन सिकाइ सिद्धान्त अनुसार अध्यापन कार्य संस्थागत विद्यालयहरुमा बढी प्रभावकारी रहेको पाइयो । सामुदायिक विद्यालयहरुमा भने सो को प्रभावकारीता जीर्ण अवस्थामा रहेको पाइयो । सामग्रीहरु भएर पनि उपयोग नहुनु, सो को व्यवस्थापनमा कमी हुनु जस्ता समस्याले गर्दा सामुदायिक विद्यालयहरु पछि परेको देखियो । संस्थागत विद्यालयमा सामग्रीहरु अपर्याप्त भए पनि उपलब्ध सामग्रीको बढीभन्दा बढी मात्रामा प्रयोग गर्दै आएको पाइयो । शैक्षिक सामग्रीको प्रयोत तथा व्यवस्थापनको अवस्थालाई विश्लेषण गर्दा सामुदायिकको तुलनामा संस्थागत विद्यालाय नै अगाडि रहेको तथ्य प्राप्त भएको छ ।

दशौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) को दीर्घकालीन अवधारणा अनुसार शिक्षाको पहुँच सबै वर्ग र तहका जन समुदायिसम्म पुर्‍याउने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने शैक्षिक विकास प्रक्रियामा सक्रिय सहभागिता गराउने, उच्च स्तरीय जनशक्ति उत्पादन गरी शैक्षिक संस्थाहरुलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विकसित गर्ने लक्ष्य अनुसार गुणस्तर विकास गर्न विद्यालय तहमा अनिवार्य शिक्षक तालिम र अध्यापन अनुमति प्रणालीलाई लागु गर्न र तालिममा पहुँच बढाई नवप्रवर्तनहरुलाई शैक्षिक क्षेत्रमा भित्र्याउने जमर्को समेत भै रहेको परिप्रक्ष्यमा शिक्षणमा नवप्रवर्तनको प्रयोगको वर्तमाान परिवशलाई आँकलन गर्दा विद्यार्थीकेन्द्रित विधिहरु उपयोग भै विद्यार्थीहरु शिक्षण तर्फ आकर्षित रहेको, शिक्षणमा नयाँ प्रविधिको प्रयोग स्ववरुप कम्प्युटर, प्रोजेक्टर र बोर्ड, भिडियो प्रोग्राम, सिसि क्यामराको उपयोग जस्ता विविध उपकरणहरुको उपयोग भएको तथा अनलाईन हाँजीरीको प्रयोग समेत भै रहेको पाइयो । जसले नवप्रवर्तनलाई शिक्षणमा प्रशय दिएको समेत देख्न सकियो ।

### ४.२ कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा पारेको प्रभाव

शिक्षण सिकाइ क्रियकलाप सहज बनाउन विद्यार्थीहरुको व्यवहारमा परवर्तन ल्याउन, शैक्षिक उपलब्धि वृद्धि गर्न नवप्रवर्तनको प्रभावकारिता रहन्छ । शैक्षिक क्षैंत्रमा आएको परिवर्तन तथा नयाँपनका रुपमा शिक्षक तालिमलाई लिन सकिन्छ । नवप्रवर्तनलाई शैक्षिक क्षेत्रमा भित्राउने काम तालिमले गर्दा । तालिम मात्र एउटा प्रमुख पक्ष हो जसले शिक्षणा विधि, शैक्षिक सामग्री मूल्यांकन विधि र शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउने र आधुनिक विधि र प्रविधिसँग परिचित गराउने काम गरेको हुन्छ । शिक्षण क्रियाकलापको प्रयोगमा तदारुकता बढाउने कार्यमा नवप्रवर्तनको भूमिका अपरहार्य रहेको हुन्छ । शिक्षकको पेशागत दक्षता बढाउने अभिवृद्धि तालिमले सिकाइमा ठूलो प्रभाव पारेको हुन्छ ।

कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भ बारेमा गरिएका प्रश्नावलीका आधारमा प्र.अ., वि.व्य.स.का अध्यक्षले नवप्रवर्तनलाई कक्षाकोठामा प्रभाभवकारी रुपमा भित्र्याउन पेशागत दक्षता अभिवृद्धि गर्न १० महिने तालिम, सक्षमतामा आधारित १० महिने तालिम, शिक्षकको पेशागत विकास तालिम, पुनतार्जगी तालिम लगायत अन्य छोटो अवधिका तालिमहरु सञ्चालन भइरहेका र उक्त तालिम मार्फत शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धिमा सहयोग पुर्‍याइ नवप्रवर्तनलाई कक्षाकोठामा प्रभावकारी रुपमा भित्र्याउन सकिने कुरा व्यक्त गरेको पाइयो ।

आफूले सिकेका ज्ञान, सीप तथा पेशागत दक्षताका अनुभवलाई कक्षाकोठामा आफ्नो विषयवस्तु प्रस्तुत गर्दा खरो रुपमा उत्रन सक्नु पदर्छ । कक्षाकोठामा शिक्षण क्रियाकलापमा आइपरेका समस्याहरु समाधान गर्दा आफ्ना सहपाठी, विषय विशेषज्ञहरुसँग अन्तरक्रिया छलफलको माध्यमबाट समाधान खोज्न् प्रयत्न जारी राख्नु पर्दछ ।

शिक्षकहरुले आफूलाई समायानुकुल परिमार्जित भइरहनु पर्ने भएकाले पनि आफू अध्ययनशील, लगनशील, मेहनती भइरहनु पर्दछ । त्यसैगरी कक्षाकोठामा शिक्षण क्रियाकलापलाई प्रभवाकारी बनाइ राख्न शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगमा विशेष जोड दिइरहनु पर्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । अध्ययनका क्रममा प्राप्त तथ्य अनुसार आधुनिक नवप्रवर्तनको विधि र प्रविधिलाई कक्षाकोठामा भित्र्याई प्रयोगमा जोड दिनु पर्ने कुरालाई विशेष  जोड दिईको पाइयो । विद्यालयका प्र.अ. तथा शिक्षकहरुले नवप्रवर्तनले सिकाइमा पारेको प्रभाव सम्बन्धमा आफ्ना विचारहरु व्यक्त गर्नु भएको पाइयो । नवप्रवर्तनले शिक्षकको ज्ञान, सीप र क्षमता अभिवृद्धि गराई शिक्षण सिकाई क्रियाकलापमा पत्यक्ष  पारेको सिकाइ समस्याको पहिचान गर्न मद्दत गर्ने, विद्यार्थीलाई मायालु वातावरणमा आधुनिक परिपाटी अनुसार शिक्षण गर्न सहयोग पुग्ने साथै तालिमबाट सिकेका सीपले शिक्षकहरुले विद्यार्थीहरुलाई पढाइप्रति जागरुक बनाई अध्ययनशील बनाउन मद्दत पुग्ने, शिक्षक केन्द्रित भन्दा विद्यार्थी केन्द्रित शिक्षण मार्फत सिकाइ प्रभावकारी बनाउन सकिने कुरामा जोड दिइएको पाइयो । नवप्रवर्तनले शिक्षकहरुलाई आधुनिक विधि र प्रविधिसँग परिचित गराई शिक्षण क्रियाकलापलाई प्रविधिमार्फत सहज  र सरल रुपमा सिकाइ विचारहरु व्यक्त गरिएको पाइयो । प्रत्येक विद्यालयमा एउटा स्रोतकेन्द्रको व्यवस्थापन गर्नु पर्ने कुरामा समेत जोड दिइएको पाइयो ।

शिक्षक, प्र.अ., वि.व्य.स. अभिभावकका राय सल्लाह अनुसार पनि संस्थागत तथा सामुदायिक विद्यालयहरुमा शिक्षण्ण सिकाइ उपलब्धि कमजोर र राम्रो नहुनुमा शिक्षक विशेषतः विद्यालयमा रहेका शिक्षकहरुलाई नवप्रवर्तनका माध्यमबाट नै प्रशिक्षिण गर्दै जाने र त्यसलाई निरन्तर अनुगमनमा विद्यालय प्रशासन, शिक्षा कार्यालय र तालिम केन्द्रका अनुगमनलाई सहभागितामूलक बनाउन सकिएमा अवश्य पनि राम्रो हुने राय प्रकट गरेको पाइयो । शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने तालिमले शिक्षकहरुको क्षमता बढाएको, शिक्षकको सोचाईको दायरा फराकिलो बनाइदिएको पाइयो । यस्ता

शैक्षिक नवप्रवर्तनले मूल्यांकन सम्बन्ध नीति नियमको व्यवस्था साथै मूल्यांकनको सामग्री र विधिमा परिमार्जन गर्न सहयोग पुर्‍याएको पाइयो । तालिम प्राप्त र अप्राप्त शिक्षकहरुलाई प्रत्येक वर्ष अनुसन्धनात्मक कार्यमा संलग्न गराउनु पर्ने कुरा जोड दिइएको पाइयो ।

तालिममा सिकेका कुराहरुलाई कक्षाकोठामा उतार्न सकिएमा शैक्षिक सामग्रीको निर्माणलाई कक्षाकोठामा पुर्‍याउन सकिएमा अवश्य पनि शिक्षण सकाइ प्रभावकारी बनी नवप्रवर्तन कक्षकोठामा सफलताका साथ भित्रिने कुरामा सम्बन्धित सबै सरोकारवालाहरुको एकमत रहेको पाइयो । त्यस्तै गरी छनोटमा परेका विद्यार्थीलाई पनि सोही प्रश्न सोध्दा उनीहरुको जवाफ भने पहिलाको शिक्षण र आजको शिक्षणमा धेरै फरक रहेको बताए । हिजो व्याख्यानलाई मात्र शिक्षण मान्ने कक्षाकोठा आज नयाँ सोच, नयाँ विचार तथा नयाँ परिवर्तनबाट कक्षाकोठा नै डिजिटल बन्दै गएको छ । व्याख्या विधिलाई आत्मसात गर्ने शिक्षण आज बालकेन्द्रित बन्दै गएको छ जसले गर्दा शिक्षण कार्य ज्यादै रोचक बन्दै गएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । त्यसैगरी संस्थागत विद्यालयका शिक्षक र प्र.अ.ले नवप्रवर्तन मात्रै सब पक्ष भने होइन शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको महत्वपूर्ण हात हुने हुँदा शिक्षकलाई नै गुणस्तर सुधार गर्न प्रोत्साहित गर्ने र नयाँ प्रविधि र सामग्री प्रयोगमा आन्तरिक रुपमा कार्यान्वयन गर्ने पक्ष मजवुत बनाउन सकिएमा गुणस्तर आउने कुरामा जोड दिने गरेको पाइयो ।

मनोवैज्ञानिक थार्नडाइकले सन् १९१३ मा आफ्नो प्रयत्न तथा भुलको सिद्धान्तमा आधारित रही सिकाइको नियम प्रतिपादन गरे । प्रयत्न तथा भूलको सिद्धान्तको प्राथमिक नियमहरु प्राभवको नियम, अभ्यासको नियम र तयारीको नियम भनी लिएका छन् । विशेष गरी थर्नडाइकको प्रत्यत्न तथा भूलका् सिद्धान्त अभ्यासमा आधारित सिद्धान्त हो । अभ्यास भनेको पुनरावृत्ति, कोशिश र व्यवहारलाई दोहोर्‍याउनु हो । यस

नियमानुसार उत्तेजना र प्रतिक्रियाको  पुनरावृत्ति जति धेरै पटक गरिन्छ तिनीहरुको बिचको सम्बन्ध पनि त्यति नै बलियो हुन्छ । थर्नडाइकको प्रयत्न तथा भूलको सिद्धान्त मूल मर्म नै अभ्यासले बलियो बनाउँछ र सिकाइको गुणात्मक विकास अभ्यासको कारणले हुन्छ भन्ने नै हो ।

कुनै पनि सिकाइलाई स्थायी बनाई राख्न पनि सिकेका ज्ञान, सीप, धारणालाई कक्षाकोठा व्यवहारमा वा शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारी रुपमा उतार्न सकियो भने सिकााइ स्थायी हुन्छ । जहिले पनि सिकाइलाई बलियो बनाइ राख्ने हो भने विद्यार्थीको ज्ञानको आधारलाई ख्याल गर्दै आधुनिक विधि, सामग्री र क्रियाकलापको माध्यमबाट बारम्बार प्रयासहरु जारी राख्न सकियो भने सिकाइ प्रभावकारी बन्न सक्छ र सिकाई जहिले पनि विद्यार्थी केन्द्रित बनाई राख्न पनि सिकेका शिक्षण सिपलाई कक्षाकोठामा उतार्ने कार्यमा नवप्रवर्तन अपनाएका शिक्षकहरु नै बढी देखिएकाले यस सिद्धान्तसँग मेल खाएको देखिन्छ ।

## ४.३ नवप्रवर्तनको प्रयोगमा देखा परेका समस्यहरु

हरेक पक्षहरु वा विषयहरुलाई प्रयोगमा ल्याउँदा धेरै समस्याहरु सिर्जना हुने गर्दछन् जसले त्यसकोा कार्यान्वयनमा समेत बाधा अड्चन पैदा गरेको हुन्छ । त्यसैले नवप्रवर्तन प्रयोग गर्दा के के समस्याहरु सिर्जना भएको रहेछ भन्ने पहिचान गर्नका लागि कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगमा देखा परेका समस्याहरुको बारेमा अध्ययन गरिएको थियो जसबाट प्राप्त तथ्यलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ **शिक्षण कार्यका लागि उपयुक्त वातावरणको अभाव**

विद्यालयमा कर्यरत शिक्षकहरु आफ्नो पेशाप्रति निरुत्साहित हुने, विद्यालयको वातावरणले गर्दा चाहेर पनि आफूहरुले प्रभावकारी ढंगबाट शिक्षण गर्न नसक्ने भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा

गरिएको छलफल अन्तरक्रिया एवम् अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । शिक्षक पढाउन आउने, प्राक्टिकलका लागि प्रयोगशालामा लैजाँदा आवश्यक सामग्री नै नपाइने बजारबाट किनेर ल्याउनु पर्ने शैक्षिक सामग्री लेखापाललाई जिम्मा दिएको १५।२० दिन हुँदा पनि आइनसकेकोले प्रयोगात्मक अभ्यास गराउन नसकिने भन्ने जस्ता गुनासाहरु शिक्षकहरुले गर्ने गरेको तथ्य समेत विद्यार्थीहरुसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.२ आवश्यक शैक्षिक सामग्रीको अभाव

विद्यार्थीहरुलाई अध्यापन गर्नका लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयका लागि आवश्यक शैक्षिक सामग्रीहरु ल्याउनका लागि लेखापाल तथा कार्यालय सहयोगीहरुलाई जिम्मा दिइने, आफ्नो कार्यभारका कारण भनेको समयमा तोकिएको स्थानमा गएर सामान खरिद गर्ने र ल्याउन तथा सामान खरिद गर्नका लागि आवश्यक रकम झिक्नका लागि समेत उक्त व्यक्तिको फुर्सदको समय हेर्नु पर्ने भएका सामग्रीको समेत व्यवस्थापन राम्रो नभएको जस्ता जानकारीहरु अध्ययनका क्रममा प्राप्त भएको थियो ।

### ४.३.३ शिक्षकमा तालिमको अभाव

कुनै पनि कार्यको लागि तलिम तथा पुनर्ताजगी तालिमले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयमा धेरै जसो शिक्षकहरु निजीस्रोतमा राखिएको कारण शिक्षकमा तालिमको अभाव रहेको पाइयो । तालिमका लागि सरोकारवालाहरु पछाडि रहनु परेको कुरा संस्थागत विद्यालयहरुको रहेको छ भने सरकारले दिएको तालिमबाट सिकेका कुराहरुलाई कक्षामा उतार्न नसक्नु जस्ता समस्याहरुले गर्दा नवप्रवर्तनको सही उपयोग हुन नसकेको कुराहरु सामुदायिक विद्यालयको रहेको छ । शिक्षकहरुमा तालिमको अभावले गर्दा शिक्षकहरुमा नवप्रवर्तनको स्पष्ट जानकारीको अभाव हुने गर्दछ । जसले गर्दा नवप्रवर्तन प्रयोगमा समस्या सिर्जना गर्दछ ।

### ३.३.४ विद्यार्थीलाई सिकाइप्रति नैराश्यता

कुनै पनि विद्यालयमा आवश्यक शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु शिक्षकका लागि उपयुक्त अध्यापन गर्ने वातावरण नहुनु जस्ता समस्याले विद्यार्थीलाई प्रत्यक्ष एवम् परोक्ष रुपले असर पारेको हुन्छ । छनोटमा परेका विद्यालयमा पनि उचित शैक्षिक व्यवस्था हुन नसकेको कारण सिकाइप्रति कठिनाइ हुने गरेको र विद्यालयमा उपयुक्त वातावरण मा सिक्न नपाउने भएका कारण विद्यालय आउन मन नलाग्ने भन्ने जस्ता तथ्यहरु विद्यार्थीसँगको अन्तरवार्ता तथा प्रश्नावलीबाट जानकारी प्राप्त भएको थियो । यस्ता समस्याबाट धेरै जसो सामुदायिक विद्यालयहरु गुज्रेको पाइयो ।

### ३.३.५ विद्यालयको कमजोर आर्थिक अवस्था

शैक्षिक नवप्रवर्तनको उचित प्रयोग र व्यवस्थापनमा विद्यालयको आर्थिक अवस्थाले अहम भूमिका खेलेको हुन्छ । विद्यालयको कमजोर अवस्थाका कारण नवप्रवर्तनका सामग्रीहरु पर्याप्त मात्रामा उपलब्ध गराउन असहजता हुने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।  आर्थिक अवस्था कमजोर भएका कारण उपयुक्त भवन निर्माण गर्न नसक्नु, पढ्नका लागि उपयुक्त वातावरण सृजना गर्न नसक्नु, नवप्रवर्तनका लागि संगठनात्मक व्यवस्थापनमा असक्षमता हुनु जस्ता विविध समस्याहरुले गर्दा कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगमा असहजता भएको तथ्य उक्त अनुसन्धान कार्यबाट जानकारी प्राप्त भएको छ ।

समग्रमा भन्दा शिक्षण प्रविधि र शिक्षण सिकाइका नयाँ प्रवर्तनहरुलाई प्रयोगमा ल्याउँदा देखा पर्न सक्ने बाधा अवरोध हरु यति नै हुन्छन् भनी किटान गर्न गाह्रो हुन्छ । किन भने विद्यालय  जुन समाज र समुदायमा सञ्चालित छ त्यहाँको आर्थिक, सामाजिक, भौतिक र शैक्षिक अवस्थाले शैक्षिक परिवर्तनमा प्रत्यक्ष असर पारिरहेको हुन्छ भने शिक्षाले पनि सामाजिक परिवर्तनमा सहयहोग पुर्‍याइ रहेको हुन्छ । तसर्थ

नवप्रवर्तनमा देखिएका समस्यालाई न्यूनीकरण गरी कक्षा शिक्षणमा उपयोग गर्न सकिएमा सिकाई प्रभावकारी, रोचक र अर्थपूर्ण बन्दछ ।

### ४.४ नवप्रवर्तनको प्रभावकारी प्रयोगबाट शिक्षालाई उपलब्धिमूलक बनाउने उपायहरु

शिक्षकहरुको दक्षता अभिवृद्धि गराउनका लागि विभिन्न नवप्रवर्तनहरु शिक्षा क्षेत्रमा देखिएका पाइन्छन् । विभिन्न समयमा देखिएका नवप्रवर्तनहरुले शिक्षा क्षेत्रमा शिक्षकहरुलाई तालिमयुक्त बनाई शैक्षिक आयाम थपेको छ । वि.सं. २०२८ देखि प्रारम्भ गरिएको नीति बमोजिम प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त उम्मेद्वारहरु माात्र शिक्षण पेशामा प्रवेश गराउने गराउने र सेवारत मध्ये सबैलाई दुबै योग्यता प्राप्त तुल्याउने महान जिम्मेवारी पुरा गर्ने गरी राज्यबाट उपयुक्त रणनीतिको सफल कार्यान्वयन सम्पन्न भएको छ । शिक्षकको पेशागत दक्षता पूरा गर्ने उद्देश्यले दीर्घकालीन पेशागत योग्यतामुखी तालिम कार्यान्वयन गर्नका लागि मात्र सम्पूर्ण स्रोत एवम् प्रयास केन्द्रित रहेको देखिन्छ । शिक्षक तालिम सम्बन्धी प्रभावकारिता अध्ययन (CERID,2005) को अनुसन्धानबाट सरकारद्वारा पेशागत योग्यता तथा तालिम प्राप्त शिक्षक संख्या बढोत्तरी गराउन सफल भए पनि तालिम प्राप्त शिक्षकबाट तालिममा सिकेका समग्र सीप क्षमता ५० प्रतिशतका दरले मात्र कक्षाकोठामा प्रयोग भएको निचोड निकालिएको छ । नेपालमा कार्यरत १८ थरिका शिक्षकलाई मूल भूत रुपमा स्थायी र अस्थायी शिक्षकको रुपमा वर्गीकरण गर्न पनि सकिन्छ । विभिन्न कालखण्डमा नियुक्त भएका अस्थायी र स्थायी शिक्षकको संख्या हाल १ लाख ४७ हजार ९४७ पुगेको छ, (फ्ल्यास प्रतिवेदन, २०७३) । यसको आअधारमा पनि शिक्षकहरुमा निहित ज्ञान एवम् सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप अभिमुखीकरण तालिम र निरन्तर शिक्षक पेशागत विकासका गतिविधिजस्ता नवप्रवर्तनहरु हुनु पर्ने देखिन्छ ।

शिक्षकको गुणस्तरका लागि नवप्रवर्तनलाई अझ प्रभावकारी बनाइ राख्न पनि विद्यालयमा आधारित तथा समस्यामा आधारित तालिमलााई जोड दिनु पर्ने अवस्था देखिन्छ । यस अनुसन्धानमाम पनि विभिन्न निकायसँग गरिएको प्रश्नावलीका आधारमा नवप्रवर्तनको प्रभावकारी प्रयोगबाट शिक्षणलाई उपलब्धि मूलक बनाउने उपायहरु के के अपनाउन सकिन्छ भन्ने विषयमा आफ्ना विचारहरु व्यक्त गरिएका छन् ।

यस अध्ययनमा नवप्रवर्तनलाई शिक्षणमा उपलब्धि मूलक बनाउन प्र.अ., वि.व्य.स.का अध्यक्षले महत्वपूर्ण सुझावहरु व्यक्त गरेका छन् । शैक्षिक क्षेत्रमा आएका नवप्रवर्तनहरु प्रति विश्वासनीयताको भावना जगाउने वातावरण सिर्जना गरिदिनु पर्‍यो । तालिम जस्ता नवप्रवर्तनहरुबाट प्राप्त ज्ञान, सीप, दक्षतालाई विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिमा आवद्ध गराउँदै अनुसन्धानात्मक कार्यतर्फ अग्रसर गर्दै जानु पर्ने, शैक्षिक तालिमकेन्द्रलाई आधुनिक प्रविधियुक्त संस्था बनाउँदै आर्थिक रुपले मजबुत र स्वाबलम्बी बनाउँदै जानुपर्ने, तालिम सम्बन्धी नीति नियमहरुलाई समयानुकुलको परिमार्जन गर्दै लैजानु पर्ने कुरामा प्र.अ.ले जोड दिएका छन् । विद्यालयलाई व्यवस्थित गर सञ्चालन गर्न आवश्यक रकम विनियोजन हुनु पर्ने, अनुगमन तथा निरीक्षण प्रणालीलाई समायानुकल परिमार्जित र परिस्कृत बनाउँदै लैजानु पर्ने, शिक्षकहरुको स्वअध्ययन गर्ने बानीको विकास गर्दै लैजान स्वअध्ययन सामग्रीको निर्माण गरी वितरण गर्नु पर्ने कुरामा वि.व्य.स. का अध्यक्ष पनि सहमत भएको र समर्थन पनि देखाएको पाइयो ।

सम्बन्धित विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरुलााई नवप्रवर्तनलाई प्रभावकारी प्रयोगद्दारा शिक्षणलाई उपलब्धिमूलक बनाउने उपायहरु के के हुन सक्छन् भनेर सोधिएका प्रश्नहरुलाई आधार मान्दा महत्वपूर्ण विचारहरु व्यक्त गरिएिका छन् । जसलाई निम्नानुसार विश्लोण गरिएको छ :

### ४.४.१ तालिम आयोजना

विद्यालयमा नवप्रवर्तनलाई प्रभावकारी बनाउन के कस्ता क्रियाकलाप गर्नु आवश्यक रहेको छ भनी गरिएको प्रश्न अनुसार सबै शिक्षकलाई अनिवार्य तालिमको व्यवस्था हुन सकेका खण्डमा नयाँ नयाँ विचार, तालिममा सिकेका कुराहरुलाई शिक्षकले व्यवहारमा उतार्न सक्दछन् भन्ने उत्तहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.२ तालिमका लागि प्रशिक्षक

कुनै पनि कुराको जानकारी प्रदान गर्ने क्रममा तालिम दिने शिक्षक नै दक्ष्य भएन भने विद्यार्थीले पनि राम्रो सिक्न सक्दैनन् । जसका लागि योग्य शिक्षकको आवश्यकता रहन्छ । विद्यालयमा नवप्रवर्तनलाई भित्र्याएर प्रभावकारी ढंगबाट शिक्षण गर्ने प्रयास गरिएको भए पनि शिक्षकलाई दिइँदै आइएको तालिम नै प्रभावकारी हुन नसकेको भन्ने उत्तरहरु छनोटमा परपेका विद्यालयका प्र.अ.हरुबाट जानकारी प्राप्त भएको छ । तालिममा जाँदा तालिम प्रभावकारी हुन नसक्दा तालिमबाट सिकेर पनि कुनै नयाँ पन दिन नसकेको भन्ने उत्तरहरु शिक्षकहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । भोलिका दिनमा शिक्षकलाई दिइँदै आइएको तालिमलाई थप प्रभावकारी बनाउनका साथै योग्य शिक्षकबाट तालिम प्रदान हुन सकेका खण्डमा शिक्षकले आफूहरुले सिकेका कुरालाई व्यवहारमा उतार्नुका साथै नयाँ तौर तरिकाले अध्यापन गर्न सक्छन् भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.३ निरीक्षण तथा अनुगमन

शिक्षकहरुले के कस्ता नवप्रवर्तनहरुलाई कक्षाकोठामा प्रयोग गर्दै आउनु भएको छ भन्ने सन्दर्भमा निरीक्षण एवम् अनुगमन हुने गरेको छ भनी विद्यालयका प्र.अ.एवम् स्रोतव्यक्तिसँग गरिएको प्रश्नवाली अनुसार प्रशासनिक कामकाजले गर्दा शिाकहरुले के कसरी अध्यापन गर्दै आउनु भएको छ भन्ने सन्दर्भमा खासै ध्यान दिन नसकेको भन्ने

उत्तरहरु प्राप्त भएको छ । स्रोतकेन्द्रबाट निरीक्षण एवम् अनुगमनका लागि स्रोतव्यक्ति आउने गर्नु भएको भए पनि अनुगमन प्रभावकारी हुन नसकेको कार्य व्यस्तताका कारण  आएर पनि उत्तीबेलै गइहाल्ने, छलफल अन्तरक्रिया नगर्ने र के कसरी अध्यापन गर्दै आउनु भएको छ भनी सबै शिक्षकलाई नसोध्ने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ । भोलिका दिनमा नवप्रवर्तनलाई प्रभावकारी बनाउनका लागि शिक्षकहरुले विद्यालयका के कस्ता नवप्रवर्तनको प्रयोग गर्दै आएका छन्, तालिममा सिकेका कुराहरु व्यवहारमा लागु गरेका छन् कि छैनन, शैक्षिक सामग्रीको अवस्था के कस्तो छ भन्ने बारेमा समय समयमा छलफल तथा अन्तरक्रिया गर्नु आवश्यक रहेको पाइयो ।

### ४.३.४ शिक्षकलाई प्रोत्साहन

शिक्षकलाई नवप्रवर्तनको प्रयोग गरी अध्यापन कार्य गर्नका लागि के कस्ता कार्यक्रमको माध्यमबाट प्रोत्साहन गर्दै आउनु भएको छ भनी विद्यालयका प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार सबैजसो विद्यालयमा वार्षिकोत्सवको समयमा सम्मान तथा प्रोत्साहन गर्ने गरिएको भए पनि त्यसालाई प्रभावकारी गराउन नसकेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको  छ । भोलिका दिनमा शिक्षकलाई विभिन्न नवप्रवर्तनको माध्यमबाट अध्यापन गराउन तथा पेशाप्रति आकर्षण गर्नका लागि सम्मान तथा प्रोत्साहलनलाई प्रभावकारी बनाउनु पर्ने धारणा छनोटमा परेका विद्यालयमा शिक्षक तथा अभिभावकको धारणा व्यक्त भएको छ ।

थार्नडाइकको सिद्धान्तलाई आधार बनाएर तयार गरिएको प्रस्तुत अध्ययनमा छनोटमा परेका विद्यालयमा नवप्रवर्तलाई प्रभावकारी ढंगबाट कक्षाकोठामा प्रयोग गर्नका लागि विद्यालयमा निरीक्षण तथा अनुगमनलाई पभावकारी बनाइन पर्ने, शिक्षकहरुलाई तालिम अवधिमा रहँदा सट्टा शिक्षकको व्यवस्था गरिनु पर्ने जस्ता कुराहरु सम्बन्धित विद्यालयका शिक्षकहरुले बताएका छन् । त्यसैगरी नवप्रवर्तनहरुको गुणस्तर वृद्धि

गर्नका लागि सिकेका कुराहरुलाई कक्षाकोठामा लामो समयसम्म प्रयोगमा ल्याउन हौसलाहरु प्रदान गरी रहनु पर्ने, शिक्षकहरुलाई आधुनिक विधि तथा प्रविधहरुसँग परिचित बनाइ राख्नु पर्ने, आधुनिक विज्ञान तथा प्रविधिहरुलाई तालिमको माध्यमबाट कक्षाकोठामा भित्र्याउन प्रयास गरिनु पर्ने, विद्यालय व्यवस्थापन उचित हुनु पर्ने, राम्रो शिक्षकहरुलाई हौसला दिनका लागि तथा शिक्षक तर्फ आकर्षित गर्नका लागि पुरस्कारको व्यवस्था गर्नु पर्ने, शिक्षकहरुलाई शिक्षण कार्य गर्दा आइ परेका विषयगत समस्याहरुलाई विषयगत विशेषज्ञ तथा सहपाठी शिक्षकहरुसँग छलफल र अन्तरक्रिया मार्फत समाधान गर्न तर्फ प्रयासरात रहनु पर्ने कुराहरु अभिभावकहरुद्दरा व्यक्त भएको छ । त्यसैगरी शिक्षक र विद्यार्थीहरुलाई हौसला दिने विभिन्न कार्यहरु गराई सिकाइ प्रति आकर्षित गर्ने, विद्यालय व्यवस्थापन प्रभावकारी बनाउने, सञ्चार तथा प्रविधिको बढी भन्दा बढी उपयोग गरी सिकाइलाई रोचक बनाउने, कक्षा व्यवस्थापन र समय व्यवस्थापनमा जोड दिने जस्ता कुराहरु अध्ययनका क्रममा विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको छ ।

संस्थागत विद्यालयले शैक्षिक गुणस्तर वृद्धि गर्न गरिएका प्रयासहरु र सामुदायिक विद्यालयले प्राप्त गरेका् तालिमको अवसरहरुलाई समानुपातिक रुपमा साटासाट गर्न सकिएमा नवप्रवर्तनहरु प्रभावकारी बन्न सक्ने थियो भन्ने विचार शिक्षकहरुबाट व्यक्त गरिएका छन् । तालिम, योजना निर्माण, कार्यान्वयन र अनुगमनमा सरोकारवाला निकायहरु बिच बैठक, छलफल र अन्तरक्रिया सञ्चालन हुनुपर्ने कुरामा जोड दिनुपर्ने, शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगमा विशेष जोड दिन सकिएमा पनि नवप्रवर्तनहरु प्रभावकारी हुने कुराहरुलाई जोडदार साथ शिक्षकहरुले उठाएका छन् । नवप्रवर्तनलाई समय सापेक्ष परिवर्तन गर्दै सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालय तथा तालिमकेन्द्रहरुले विशेष जोड दिनु पर्ने कुरा शिक्षकहरुबाट अभिव्यक्त भएको थियो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

तथ्यांकको व्याख्या र विश्लेषणबाट प्राप्त जानकारीका आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैगरी कक्षा शिक्षणमा नवप्रवर्तको प्रयोगमा देखिएका समस्याहरुलाई प्रभावकारी रुपमा समाधान गर्न सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

कच्चा पदार्थका रुपमा संकलित तथ्यांकहरुलाई उद्देश्य अनुसार व्याख्या तथा विश्लेषण गरी सोही विश्लेषणका आधारमा अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ जसलाई निम्नानुसार विश्लेषण गरिएको छ :

कक्षाकोठामा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भ बारेमा गरिएका प्रश्नावलीका आधारमा प्र.अ., वि.व्य.स.का अध्यक्षले नवप्रवर्तनलाई कक्षाकोठामा प्रभाभवकारी रुपमा भित्र्याउन पेशागत दक्षता अभिवृद्धि गर्न १० महिने तालिम, सक्षमतामा आधारित १० महिने तालिम, शिक्षकको पेशागत विकास तालिम, पुनतार्जगी तालिम लगायत अन्य छोटो अवधिका तालिमहरु सञ्चालन भइरहेका र उक्त तालिम मार्फत शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धिमा सहयोग पुर्याइ नवप्रवर्तनलाई कक्षाकोठामा प्रभावकारी रुपमा भित्र्याउन सकिने कुरा व्यक्त गरेको पाइयो ।

नवप्रवर्तनले शिक्षकको ज्ञान, सीप र क्षमता अभिवृद्धि गराई शिक्षण सिकाई क्रियाकलापमा पत्यक्ष पारेको सिकाइ समस्याको पहिचान गर्न मद्दत गर्ने, विद्यार्थीलाई मायालु वातावरणमा आधुनिक परिपाटी अनुसार शिक्षण गर्न सहयोग पुग्ने साथै तालिमबाट सिकेका सीपले शिक्षकहरुले विद्यार्थीहरुलाई पढाइप्रति जागरुक बनाई अध्ययनशील बनाउन मद्दत पुग्ने, शिक्षक केन्द्रित भन्दा विद्यार्थी केन्द्रित शिक्षण मार्फत

सिकाइ प्रभावकारी बनाउन सकिने कुरामा जोड दिइएको पाइयो । नवप्रवर्तनले शिक्षकहरुलाई आधुनिक विधि र प्रविधिसँग परिचित गराई शिक्षण क्रियाकलापलाई प्रविधिमार्फत सहज र सरल रुपमा सिकाइ विचारहरु व्यक्त गरिएको पाइयो । प्रत्येक विद्यालयमा एउटा स्रोतकेन्द्रको व्यवस्थापन गर्नु पर्ने कुरामा समेत जोड दिइएको पाइयो ।

नवप्रवर्तनहरुले विषयवस्तुको कठिनाई क्षेत्रहरुलाई पहिचान गरी सञ्चालन गरिने कारणबाट वस्तुको कठिनाइहरुको समााधान गर्न नसकेको अवस्था रहेको र शिक्षकले सिकेको ज्ञान सीपहरुलाई कक्षाकोठामा प्रयोग भए नभएको निरीक्षण र अनुगमन गरी प्रभावकारी नभएका अवस्थलाई सुधार गर्दै लैजानु पर्दछ भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विषय शिक्षकहरुमा उचित सीप तथा नवप्रवर्तनको अभावका कारणले शैक्षिक उपलब्धि वृद्धि गर्न कठिनाइहरु भएको अवस्था अध्ययनका क्रममा प्राप्त भएको छ । विद्यालयमा शिक्षकहरुलाई अध्ययनशील बनाइ राख्न स्वअध्ययन सामग्रीको अभाव रहको तथ्य प्राप्त भएको छ । विद्यालयको समग्र शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि आधुनिक विधि तथा प्रविधिको प्रयोमा जोड दिनु पर्ने र विद्यालयभित्र एउटा स्रोतकेन्द्र स्थापना गरी विद्यालयलाई साधन स्रोतले भरिपूर्ण बनाइनु पर्ने तर सामग्र सामुदायिक विद्यालय संस्थागत विद्यालयभन्दा स्रोत साधन र आधुनिक प्रविधिमा पछाडि रहेको अवस्था छ ।

कुनै पनि शिक्षण संस्थाको गुणस्तरीय उत्पादन खोज्दा गुणस्तरीय लगानीलाई ध्यान दिनु आवश्यक रहेको छ । शिक्षण संस्थाहरुको गुणस्तर वृद्धि गर्नका लागि योग्य, दक्ष र तालिम प्राप्त शिक्षक, अनिवार्य हुनु जरुरी भएको छ तसर्थ हाम्रा शिक्षण संस्थामा शिक्षक नियुक्ति गर्दा योग्यता, दक्षता र तालिम प्राप्त शिक्षकलाई प्राथमिकता दिइने व्यवस्था अपनाउनु पर्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । संस्थागत विद्यालयका शिक्षकहरुलाई सामुदायिक विद्यालयको शिक्षक सरह तालिममा

सहभागीनगराइएको अवस्थाहरुलाई हटाइ सबै शिक्षण संस्थामा कार्यरत शिक्षकहरुलाई समान रुपमा तालिममा सहभागी गराई शिक्षण सीप तथा दक्षता प्रदान गरी नवप्रवर्तनलाई भित्र्याउने प्रत्यत्न गर्नु पर्दछ ।

### ५.३ सुझावहरु

अध्ययनको सिलसिलामा प्राप्त गरिएको सूचनाहरुको गुणात्मक विश्लेषणबाट प्राप्त गरिएको प्राप्ति तथा निष्कर्षको आधारमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

#### ५.३.१ नीतिगत तह

नेपाल सरकार शिक्षामन्त्रालय शैक्षिक जनशक्ति विकासकेन्द्र मार्फत नेपालभर शैक्षिक क्षेत्रमा नवप्रवर्तनहरुलाई प्रशय दिनका लागि पेशागत दक्षता विकास कार्यक्रमलाई शैक्षिक जनशक्ति विकासकेन्द्रले सार्वजनिक क्षेत्रमा कार्यरत देशभरीका शिक्षक, शैक्षिक व्यवस्थापन एवम् प्राविधिज्ञहरुको पेशागत दक्षता सम्पूर्णरुप्मा अभिवृद्धि गराई शैक्षिक क्षेत्रको कार्य सम्पादन सुधार गर्ने लक्ष्य लिएको छ । त्यसैगरी टि.पि.डि कार्यक्रम सफलतापूर्वक कार्यान्वयन हुने र त्यसबाट शिक्षण सिकाइको वर्तमान अवस्थामा उल्लेख्य सुधार आइ विद्यार्थीको सिकाइ उपलब्धिमा स्पष्ट बढोत्तरी देख्न सकिने गहिरो अपेक्षा गरिएको छ । तसर्थ  कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभावलाई सकरात्मक रुपमा बढाई राख्न नीति नर्माण तहमा निम्न हुराहरुमा जोड दिनु पर्ने देखिन्छ । कक्षा शिक्षणमानवप्रवर्तनको प्रयोगलाई प्रभावकारी बनाउनका लागि शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने तालिमलाई प्रभावकारी बनाइ राख्नको लागि तालिम सम्बन्धी नीतिहरुलाई समायानुकुल परिमार्जित गर्ने कार्य  सरकारी तवरबाटै हुनु आवश्यक देखिन्छ ।सूचना तथा प्रविधिलाई बढाउनका लागि कक्षा शिक्षणमा प्रोजेक्टर बोर्ड, मल्टिमिडिया पद्धतिहरुको प्रयोग सम्बन्धी नीति तथा कार्यक्रमहरु सरकारी तवरबाटै सञ्चालन गरी शिक्षकहरुलाई शिक्षण  पद्धतिहरुको उचित उपयोग गराउने बानीको विकास गराउने नीति शिक्षामन्त्रालयबाटै गरिन सकेको खण्डमा

भोलिका दिनमा विद्यालयमा सूचना प्रविधि जस्ता नव्रवर्तनहरुलाई प्रभवाकारी ढंगबाट प्रयोग गर्न सकिने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

विद्यालयमा नवप्रवर्तनको प्रयोगलाई के कसरी प्रभावकारी बनाउन भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रियालाई प्रभावकारी बनाउने कार्य प्र.अ.बाट हुन सकेका खण्डमा सम्पूर्ण शिक्षकहरुमा जानकारी प्राप्त भइ प्रभावकारी ढंगले नवप्रवर्तलाई कक्षामा भित्र्याउन थप सहयोग पुग्ने देखिन्छ ।

पाठ्यक्रम अनुसारको शैक्षिक सामग्री प्रयोग भएको छ कि छैन, के कसरी कक्षाकोठामा शिक्षण हुँदा आएको छ भन्ने जस्ता कुराहरुमा नगरपालिकाको शिक्षा शाखाबाट निरीक्षण एवम् अनुगमन नगरी सोही अनुसार कार्यान्वयन गर्न सकेको खण्डमा थप प्रभावकारी हुने देखिन्छ । शिक्षक स्वंले आफ्ना समस्याहरुलाई खोजी गरेर समस्या समाधानका लागि आफूभन्दा जान्ने सरहरुसँग सोध्ने बानीको विकास गर्न सकेको खण्डमा थप प्रभावकारी हुने देखिन्छ । तालिम प्राप्त शिक्षकहरुले आफूले सिकेका कुरा अरुलाई सिकाउन लागि विद्यालय प्रशासनले उचित वातावरण तयार गर्न सकेका खण्डमा सबै शिक्षकलाई नयाँ पनको बारेमा जानकारी प्राप्त भइ सोही अनुसार शिक्षण हुने देखिन्छ । विद्यालय व्यवस्थापन समितिबाट विद्यालयको समग्र गतिविधि के कस्तो छ शैक्षिक क्रियाकलापलाई के कसरी अगाडि बढाउन सकिन्छ भन्ने जस्ता कुरामा निरीक्षण एवम् अनुगमन भइ सोही अनुसार शिक्षक तथा विद्यालय प्र.अ.लाई सुझाव प्रस्तुत गर्न सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

### ५.३.३अनुसन्धान तह

भोलिका दिनमा अध्ययन अनुसन्धान गर्न चाहने भावि अनुसन्धानकर्ताले विद्यालयमा नव्रवर्तनको प्रयोग, विद्यालयमा नवप्रवर्तलाई भित्र्याउन अभिभावकको भूमिका,

विद्यालयमा नवप्रवर्तनलाई प्रयोग गर्न प्र.अ.को भूमिका, नवप्रवर्तनको प्रयोगले विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभाव जस्ता कुराहरुको बारेमा अध्ययन अनुसन्धान गरी अध्ययन क्षेत्रमा देखिएका समस्याहरुलाई औंल्याइ समस्या समाधानका उपायहरु औंल्याउन सकेका खण्डमा कक्षाकोठामा नवप्रवर्तनको प्रयोग थप प्रभावकारी हुने देखिन्छ ।

## कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

## अनुसूची १

## प्र.अ.का लागि तयार पारिएको प्रश्नावली

**प्र.अ.को नाम :**...................................................... **विद्यालय :**

**ठेगाना :** ..................... **लिङ्ग :** ......................

१. तपाईको विद्यालयमा नवप्रवर्तनको प्रयोगको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२. तपाईँको विचारमा कक्षा शिक्षणमा नवप्रवर्तनको आवश्यकता छ कि छैन ?

३. तपाईँले कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग गर्दा र नगर्दा कत्तिको अन्तर पाउनु भएको छ ?

४. तपाईँको विद्यालयमा नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा कस्तो प्रभाव देख्नु भएको छ ?

५. तपाईँको विद्यालयले नवप्रवर्तनको प्रयोगलाई कहिले देखि महसुस गऱ्यो ?

६. नवप्रवर्तनको प्रयोगको प्रभावले शैक्षिक उपलब्धिमा कस्तो असर देख्नु भएको छ ?

७. तपाईँको विद्यालयमा कक्षा शिक्षणमा प्रयोग हुने नवप्रवर्तनहरु के के छन् ?

८. कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगलाई प्रभावकारी बनाउन के के गर्नु पर्ला ?

९. प्रभावकारी ढंगबाट नवप्रवर्तनको प्रयोगलाई अघि बढाउनका लागि प्र.अ.को तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

१०. तपाईँको विचारमा नवप्रवर्तनको प्रयोगमा देखा परेकाा समस्याको समाधानका उपायहरु के के हुन सक्छन् ?

## कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

## अनुसूची २

## विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि तयार गरिएको प्रश्नावली

**नाम :**....................................................   **विद्यालय :**

**ठेगाना :** .....................   **लिङ्ग :** ......................

१. तपाइँ विद्यालयमा रहेर काम गर्नु भएको कति समय भयो ?

२. वि.व्य.स., प्र.अ. र शिक्षकहरु बिचको सम्बन्ध के कस्तो पाउनु भएको छ ?

३. तपाइँ विद्यालयमा कति कति समयमा आउने गर्नु भएको छ ?

४. यस विद्यालयमा वि.व्य.स., स.प्र.अ. र शिक्षकको संयुक्त बैठक कति कति समयमा हुने गरेको छ?

५. तपाईले यस विद्यालयको नवप्रवर्तनको प्रयोग गरेको अवस्थालाई कसरी लिनु भएको छ ?

६. नवप्रवर्तनलाई कक्षा शिक्षणमा  प्रयोग गरिनुमा यहाँको भूमिका कस्तो छ ?

७. तपाईंले नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा के कस्तो प्रभाव देखनु भएको छ ?

८. तपाइँको विचारमा नवप्रवर्तनलाई कक्षा शिक्षणमा भित्र्याउँदा के कस्ता कठिनाइहरु हुन सक्छन् ?

९. तपाईले यस विद्यालयमा नवप्रवर्तनलाई व्यवस्थापन गर्न के कस्ता कार्यहरु गर्ने रणनीति तयार गर्नु भएको छ ?

१०. तपाइँले नवप्रवर्तन प्रयोगसम्बन्धी अभिभावकको धारणा कस्तो पाउनु भएको छ ?

## कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

## अनुसूची ३

## शिक्षकका लागि तयार गरिएको प्रश्नावली

**नाम :**.................................................... **विद्यालय :**

**ठेगाना :** ..................... **लिङ्ग :** ......................

१. तपाइँ यस विद्यालयमा कार्यरत हुनु भएको कति वर्ष भयो ?

२. तपाईले यस विद्यालयमा हालसम्म के कस्ता परिवर्तनहरु महसुस गर्नु भएको छ ?

३. तपाईंले कक्षा शिक्षणमा के कस्ता नवप्रवर्तनहरुको प्रयोग गर्नु भएको छ ?

४. तपाइँको विचारमा यस विद्यालयको नवप्रवर्तन प्रयोगको वर्तमान अवस्था कस्तो छ ?

५. तपाईंले नवप्रवर्तनको प्रयोगले शिक्षण सिकाइमा पारेको प्रभावलाई कसरी हेर्नू भएको छ ?

६. तपाईंले कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगबाट विद्यार्थीको सिकाई उपलब्धिमा अन्तर पाउनु भएको छ ?

७. तपाईंले कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग गर्दा के कस्ता समस्या भोग्नु भएको छ ?

८. आधुनिक प्रविधिलाई कक्षाकोठामा भित्र्याउन शिक्षकले के कस्तो प्रयास गर्दै आउनु भएको छ ?

९. भोलिका दिनमा कक्षाकोठामा नवप्रवर्तनलाई प्रभावकारी ढंगबाट प्रयोग गर्न के कस्ता उपायहरु अपनाउनु आवश्यक ठान्नु भएको छ ?

## कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

## अनुसूची ४

## विद्यार्थीका लागि तयार गरिएको प्रश्नावली

**नाम :**....................................................... **विद्यालय :**

**ठेगाना :** ...................... **लिङ्ग :** .......................

१. तपाईको विद्यालयमा कति जना शिक्षक तथा शिक्षिका हुनुहुन्छ ?

२. तपाईलाई मन पर्ने शिक्षकको नाम के हो ?

३. तपाईको विद्यालयमा शिक्षकले शिक्षण गर्दा कुन कुन साधनको प्रयोग गर्नुहुन्छ ?

४.कक्षा शिक्षणमा प्रयोग भएका साधनहरुले तपाईलाई शिक्षण सिकाइ प्रति कत्तिको उत्साहित बनाउने गरेको छ ?

५. तपाईले नवप्रवर्तनलाई कसरी बुझ्नु भएको छ ?

६. तपाईले शिक्षणमा नवप्रवर्तनको प्रयोग हुँदा र नहुँदा के अन्तर पाउनु भएको छ ?

७. तपाईको विचारमा नविनतम प्रविधिले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

८. कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगमा देखा पर्ने समस्याहरु के के होलान् ?

९. तपाइको विचारमा नवप्रवर्तनको प्रयोगलाई कक्षा शिक्षणमा प्रभावकारी रुपमा उपयोग गर्न के के गर्न सकिन्छ ?

## कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

## अनुसूची ५

## अभिभावकका लागि तयार गरिएको प्रश्नावली

**नाम** :..........................................................

**ठेगाना** : .....................   **लिङ्ग** : ......................

१. तपाईको छोरा/छोरी कति कक्षामा पढ्छन् ?

२. तपाईका छोराछोरी विद्यालय जान उत्सुक छन् ?

३. तपाईलाई आफ्ना छोराछोरीमा अनुशासन, ज्ञान एवम् सीपमा वृद्धि भएको जस्तो लाग्छ ?

४. तपाईँ र विद्यालय बिचको सम्बन्ध कस्तो छ ?

५. तपाईँ र विद्यालय बिचको सम्बन्ध सुमधुर बनाउन के बढी जिम्मेवार हुनु आवश्यक ठान्नु भएको छ ?

६. वर्तमान शिक्षा संरचना र नीतिसँग तपाईँ सहमत हुनुहुन्छ ?

७. तपाईँको घरपरिवारमा शिक्षा प्रति कस्तो धारणा छ ?

८. कक्षा शिक्षणमा प्रयोग भइरहेका नवप्रवर्तन सम्बन्धी तपाईको धारणा के कस्तो रहेको छ ?

९. शिक्षणमा प्रयोग भएका नविनतम प्रविधिले तपाईको सन्तानमा कस्तो प्रभाव पाउनु भएको छ ?

१०.तपाईको विचारमा कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोगको आवश्यकता छ वा छैन ?

११. पाई यस विद्यालय प्रति सन्तुष्ट हुन्छ ?

१२. तपाईका छोराछोरीले विद्यालयमा सिकेका व्यवहारिक ज्ञानलाई घर, परिवार र समाजमा प्रयोग गर्ने गरेका छन् ?

## कक्षा शिक्षणमा नवप्रवर्तनको प्रयोग र प्रभाव

## अनुसूची ६

## अवलोकन फारम

विद्यालयको नाम :                                                    मिति :

कक्षा :

| क.सं. | विवरण | उत्तम | मध्यम | ठिकै |
|---|---|---|---|---|
| 1 | पूर्व पाठको समीक्षा | | | |
| 2 | विद्यार्थी उत्प्रेरणा | | | |
| 3 | सिकाइमा विद्यार्थी सहभागिता | | | |
| 4 | कक्षाा नियन्त्रणमा शिक्षकको भूमिका | | | |
| 5 | शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रियता | | | |
| 6 | शिक्षण विधि छनोटमा सान्दर्भिकता | | | |
| 7 | शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको गतिशिलता | | | |
| 8 | पाठको प्रस्तुतीकरण | | | |
| 9 | शैक्षिक क्रियाकलाप | | | |
| 10 | व्याख्याविश्लेषण | | | |
| 11 | विद्यार्थीको क्रियाकलापमा प्रोत्साहन | | | |
| 12 | शिक्षण सामग्री प्रयोगको अवस्था | | | |
| 13 | मूल्यांकन प्रक्रिया | | | |
| 14 | विद्यालयमा नवप्रवर्तनको अवस्थार प्रयोग | | | |
| 15 | विद्यालयमा नवप्रवर्तनले पारेको प्रभाव | | | |

# सन्दर्भग्रन्थ सूची

कार्की, अशोक कुमार, (२०६९), *स्वास्थ्य शिक्षामा शैक्षिक प्रविधि,* काठमाण्डौं : वैभवि प्रकाशन ।

काफ्ले, वासुदेव र साथिहरु (२०६१), *शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा,* काठमाण्डौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

गौतम, दिननाथ(२०६६), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा सहायक,* काठमाण्डौं : प्रशान्ति प्रकाशन ।

ढकाल, माधव प्रसाद र साथीहरु (२०७०), *शिक्षाका आधारहरु,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

पौडेल, हेमराज (२०७३), *शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९,* काठमाण्डौं : मकालु प्रकाशन ।

मैनाली, गोपीनाथ (२०७४), *सार्वजनीक क्षेत्रमा नवीन प्रयोग,* http://tapaikokhabar.com, reterived in 4th Februry 2019.

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६८), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाण्डौं : एम्. के पब्लिकेशन ।

शर्मा, डण्डपाणि (२०७१), *अध्यापन अनुमति पत्र दिग्दर्शन,* काठमाण्डौं : प्रज्ञान प्रकाशन ।

शर्मा, विश्वमणि (२०७०), *निम्न माध्यमिक शिक्षक प्रशोत्तर,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, महाश्रम र पौडेल शर्मा, एम. आर (२०७५), *शिक्षक सेवा आयोग परीक्षण सारथि,* काठमाण्डौं : गुडविल प्रकाशन ।

शिक्षक मासिक (२०७२, जेष्ठ), *शिक्षक मासिक,* ललितपुरः ज्ञान विज्ञान सहकारी संस्था लि. ।

शिक्षक मासिक (२०७३, जेष्ठ), *शिक्षक मासिक,* ललितपुरः ज्ञान विज्ञान सहकारी संस्था लि. ।

शिक्षक मासिक (२०७४, वैशाख), *शिक्षक मासिक,* ललितपुरः ज्ञान विज्ञान सहकारी संस्था लि. ।

सापकोटा, रमाकान्त(२०६२), *शिक्षण प्रविधि र नवप्रवर्तनलाई कक्षामा भित्र्याउने प्रस्ताव, चितवन :* वाल्मिकी स्मारिका ।

सिवाकोटी, सागर (२०६८), *पेशागत दक्षतामा प्रविधिको प्रयोग र प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

# सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम शिक्षणको व्यवस्थापन

**अनुसूची ४**

**शिक्षकका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली**

**शिक्षकको नाम** **लिङ्गः** **ठेगाना :**

1. यहाँले शिक्षण पेशामा अवद्ध हुँदै आउनु भएको कति समय भयो ?

   ..............................................................................................................

2. यहाँको विद्यालयमा अंग्रेजी माध्यम शिक्षणको शैक्षिक व्यवस्थापन के कस्तो छ ?

   ..............................................................................................................

3. विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गर्दा अभिभावकहरुको सन्तुष्टि के कस्तो पाउनु भएको छ ?

   ..............................................................................................................

4. विद्यालयमा अंग्रेजी माााध्यमबाट अध्यापन राउँदा शिक्षकको व्यवस्थापन के कस्तो पाउनु भएको छ ?

   ..............................................................................................................

5. शिक्षकलाई सेवा सुविधा तथा तलब के कसरी व्यवस्थापन भएको छ ?

   ..............................................................................................................

6. विद्यालयको शैक्षिक व्यवस्थापनमा के कस्ता समस्या देखा परेका छन् ?

   ..............................................................................................................

7. अंग्रेजी माध्यमबाट अध्यापन गराँदा प्रभावकारी ढंगबाट व्यवस्थापन हुन नसक्दा के कस्ता समस्या देखा परेका छन्?

   ..............................................................................................................